वर्ष : २०, अंक : १२, काठमाडौं, २०८१ साउन १८ गते शुक्रबार, 2 August, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## क्रान्तिको साथै सामाजिक कार्यमा पनि व्यस्त महतो



काठमाडौं । बहुलराष्ट्रिय राज्य निर्माण गर्न देशव्यापी अन्दोलन गर्दै आइरहेको राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतो केही समय यता सामाजिक कार्यमा निकै व्यस्त रहेका छन् ।

नेपाल सरकारका पूर्वउपप्रधानमन्त्री समेत रहेका राजेन्द्र महतो गत शुक्रबार वीरगंज पुगी केही सामाजिक कार्यमा सहभागी भए । शनिबार सर्लाहीमा हत्या भएको पूर्व भूमिसुधार राज्यमन्त्री रामचन्द्र रायको मलंगवास्थित घरमा पुगी श्रद्धाञ्जली अर्पण गर्नुका साथै रायको परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै हत्याको छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न महतोले सरकारसँग माग समेत गरेका छन् ।

वीरगंजबाट सर्लाही, महोत्तरी हुँदै महतो जनकपुर पुगेका छन् । सर्लाहीको हर्पुरवाका बिनोद साहको घर पुगी उनको आमा प्रति श्रद्धाञ्जली अर्पण गर्दै महोत्तरीको राम कृपाल साहको घरमा समेत पुगी उनको समेत आमा प्रति श्रद्धाञ्जली अर्पण गरेका थिए ।

## २७ गतेदेखि जसपा नेपालको केन्द्रीय समिति बैठक बस्ने



काठमाडौं । जनता समाजवादी पार्टी, नेपालको नवगठित केन्द्रीय समितिको बैठक साउन २७, २८, २९ र ३० गते बस्ने भएको छ ।

उक्त बैठकमा एकताको राष्ट्रिय महाधिवेशनले तय गरेका पार्टीको वैचारिक, सैद्धान्तिक अवधारणा, वर्तमान राष्ट्रिय राजनीतिक परिस्थितिमा पार्टीले खेल्नु पर्ने भूमिका, वर्तमान भू-राजनीतिक अवस्था र नेपालको परराष्ट्र नीति तथा सम्बन्ध लगायतका विषयहरूमा अभिमुखीकरणका साथै पार्टीको आगामी वैचारिक, राजनीतिक, सङ्गठनात्मक कार्ययोजना तथा कार्यक्रम लगायतका विषयहरुमा छलफल गरी आवश्यक निर्णय गरिने जनाइएको छ ।

ललितपुरको महालक्ष्मी- सानोगाउँस्थित थसी बैंक्वेटमा दिउँसो १२ बजेदेखि बैठक बस्ने जसपा नेपालले जनाएको छ ।

## मधेश प्रदेशमा सुशासन कार्य गर्न जनमतको निर्देशन



जनकपुरधाम । डा.सीके राउत नेतृत्वको जनमत पार्टीको दुईदिने सचिवालय बैठकले विभिन्न निर्णयहरु गर्दै सम्पन्न भएको छ ।

शुक्रबार र शनिबार मधेश प्रदेशको राजधानी जनकपुरधाममा बसेको दुई दिवसीय सचिवालय बैठकले प्रदेश सरकारको ४५ दिनको कामकाजको समिक्षा गरेको जनमतका प्रवक्ता डा.शरदसिंह यादवले जनाएका छन् ।

प्रवक्ता डा.यादवका अनुसार सो बैठकमा प्रदेश सरकारको आगामी दिनमा हुने कार्य योजनाहरुको बारेमा छलफल भएको छ ।

मधेश प्रदेशमा विगतका बेथितिहरुलाई सुधार गर्दै सुशासन कायम गर्न प्रदेश सरकारलाई जनमत पार्टीले निर्देशन दिएको हो ।

यसैगरी, मधेश प्रदेशमा व्यापक रुपमा रोजगारी सृजना गर्न कार्यक्रमहरु संचालनमा ल्याउन सो बैठकले निर्देशन दिएको प्रवक्ता डा.यादवले जानकारी दिए ।

# अपुग शिक्षक दरबन्दी पूर्ति नभए विद्यालय बन्द गर्ने मौलापुरको चेतावनी

काठमाडौं । रौतहटको मौलापुर नगरपालिकाका मेयर रिनाकुमारी साहले बिधार्थी संख्याको अनुपातमा शिक्षकको माग गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका मन्त्री विद्या भट्टराईलाई ज्ञापनपत्र बुझाएकी छन् ।

सोमबार सिंहदरबार स्थित शिक्षा मन्त्रालयमा पुगेर मेयर साहले अपुग शिक्षक दरबन्दी तत्काल आपुर्ति गर्नुपर्ने माग गरेकी हुन् । तहगत र बिषयगत अपुग शिक्षक तत्काल आपुर्ति नगरिए भदौ महिनादेखी मौलापुर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयको पठनपाठन बाध्य भएर बन्द गर्नुपर्ने चेतावनी समेत मेयर साहले शिक्षा मन्त्री भट्टराईलाई दिएकी छन् ।

मौलापुर नगरपालिकाका बिभिन्न सामुदायिक विद्यालयमा आठ हजार भन्दा बिद्यार्थी अध्ययनरत रहेका छन् । शिक्षक दरबन्दी एक सय ६० हुनुपर्नेमा मौलापुरमा ५८ शिक्षक मात्रै रहेका छन् । हाल मौलापुरमा एक सय २ शिक्षक दरबन्दी अपुग रहेको छ ।



'मौलापुर नगरपालिकामा आठ हजार भन्दा बढी विद्यार्थीहरु अध्ययनरत रहेका छन् । मौलापुरमा एक सय १६० शिक्षक हुनुपर्नेमा ५८ शिक्षक मात्रै रहेका छन् । तपाई आफै बिचार गर्नुस त ५८ शिक्षकले १६० शिक्षकको पढाउँने काम कसरी गर्न सक्छ ?' मौलापुरकी मेयर साहले प्रश्न गर्दै भनिन्, 'कि शिक्षा मन्त्रालयले अपुग शिक्षकको व्यवस्था गर्नुपर्यो वा हामीलाई शिक्षक नियुक्त गर्ने अधिकार दिनुपर्यो । विद्यार्थीको भविष्यसंग मन्त्रालयले खेलवाड गर्न पाउँदैन् । हामीले यस बारेमा सरकारलाई पटक पटक जानकारी गराउँदा समेत कुनै सुनुवाई भएको छैन् । सरकारको यस्तै रवैया रहयो भने हामी बाध्य भएर पठनपाठन बन्द गरेर आन्दोलनमा जान्छौं ।'

मौलापुरमा अपुग शिक्षक आपुर्तिका लागि मेयर साहले सरकारको पटक पटक ध्यानाकर्षण गराउँदै आएकी छन् । तर सरकारले नसुने जस्तो गर्दै आएको छ । विद्यार्थी अनुपातमा मौलापुरमा मात्रै नभएर मधेस प्रदेशमै शिक्षकको अभाव रहेको छ । तर सरकारले विभेद गर्दै आएको कारण विद्यार्थीको भविष्य अन्धकार बनाउँन खोजेको आरोप मेयर साहले लगाएकी छन् ।

मधेस प्रदेशको पहिलो महिला मेयर साहले भनिन्, 'विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी नहुँदा शिक्षकको अभावमा मौलापुर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको पठनपाठन अस्तव्यस्त भई बालबालिकाहरुको भविष्य अन्धकारमा पर्न गएको छ ।'

ज्ञापनपत्र बुझदै शिक्षा मन्त्री भट्टराईले बिभिन्न विद्यालयमा अपुग रहेका शिक्षक दरबन्दी छिटै नै व्यवस्थापन गर्ने गृहकार्यमा लागेको बताईन् । 'हामी अध्ययन गरिरहेका छौं । बिभिन्न विद्यालयमा दरबन्दी अनुसार शिक्षक नभएकाले छिटै नै व्यवस्थापन गर्दै छौं । तपाईहरु आन्दोलन नगरिदिनुहोला ।'

शिक्षा ऐनको मापदण्डअनुसार तराई मधेसमा ५० विद्यार्थीमा १ शिक्षक हुनुपर्ने, पहाडमा ४० विद्यार्थी बारबर १ शिक्षक, हिमालमा ३५ विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने प्रावधान रहेको छ । यो मापदण्ड निर्धारण गर्दा नै विभेदकारी रुपमा निर्धारण गरिएको छ । तर पनि यो मापदण्ड अनुसार तराई मधेसमा शिक्षकको व्यवस्था मन्त्रालयले गरेको छैन् ।

शिक्षा मन्त्री भट्टराईलाई ज्ञापनपत्र बुझाउन मौलापुरकी मेयर साहका साथै आम जनता पार्टी (आजपा)का केन्द्रीय सदस्य तथा लेखक डा. हेमप्रसाद साह लगायतको सहभागिता रहेको थियो ।

# स्थानीयलाई रोजगारी दिनुपर्छ : मुख्यमन्त्री सिंह

वीरगन्ज । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले बारा पर्सा औद्योगिक कोरिडोरमा स्थानीय नागरिकलाई रोजगारी प्रदान गर्नुपर्नेमा जोड दिएका छन् ।

वीरगंज महानगरपालिका वडा नम्बर ३१ म स्थापना गरिएको गोल्छा अर्गनाईजेसनको हुलास स्टिलको ग्यालभनाईजिङ इकाईको उद्धाटन उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री सिंहले सो कुरा बताएका हुन ।

उनले औद्योगिक कोरिडोरमा अधिकांश भारतीय मूलका नागरिक कार्यरत रहेको



बताउँदै विस्तारै स्थानीय नागरिकलाई दक्ष बनाएर रोजगारी दिलाउनुपर्ने आवश्यकता रहेको बताए ।

मुख्यमन्त्री सिंहले औद्योगिक क्षेत्रलाई आवश्यक जनशक्ति तयार पार्न प्रदेश सरकारको लगानी र सहयोगमा कुनै कमी नहुने बताउँदै स्थानीय नागरिकले रोजगारी पाउँदा वैदेशिक रोजगारीमा जाने र बेरोजगारीको सङ्ख्या कम गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

गोल्छा अर्गनाईजेसनका हितेश गोल्छाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, बाराका सांसद किसान श्रेष्ठ, बारा पर्साका प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी प्रमुखहरू, राजनीतिक दलका नेताहरू, वीरगंज उद्योग वाणिज्य संघका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

# शास्त्रीय संगीतका वरिष्ठ गायक गुरुदेवको निधन

सिरहा । शास्त्रीय संगीत गुरु गुरुदेव कामतको निधन भएको छ । सिरहास्थित आफ्नै घरमा बिहीबार बिहान ८ बजे निधन भएको हो ।

शास्त्रीय संगीतमा निकै श्रद्धाका साथ लिइने नाम गुरुदेव कामतको दुवै मिर्गौलामा समस्या देखिएको गत चैतमा पत्ता लागेको थियो ।

उपचारका लागि आर्थिक संकटको सामना गर्नुपरेपछि उनी सपरिवार आफ्नो जन्मथलो सिराहाको पोखरभिन्डा फर्किएका थिए ।

पछिल्लो समय उनलाई घरमा डायलासिस गराउने गरिएको थियो ।

शास्त्रीय सगीतका वरिष्ठ गायक एबम गुरुकुल पाठ्शालाका संचालकसमेत रहेका थिए । पाँच दशकदेखि सांगतिक क्षेत्रमा लागेका थिए । अचानक दुबै मृगौला फेल भए पछि काठमाडौ को महगो उपचार खर्चको अभावमा सिरहाको




लहानमा डायलोसिस गराइरहेका थिए ।

उपचारका लागि राज्य र सम्बन्धित निकायलाई बारम्बार हारगुहार गरे पनि कतैबाट पनि ठोस सहयोग भएन । रास्ट्रका लागि जतिसुकै योगदान गरे पनि सहयोग पहुँचबालाले मात्र पाउँदा रहेछन् ।

नेपालको सांगीतिक क्षेत्रका कैयौँ नाम चलेका गायक-गायिकाका गुरु, प्रख्यात शास्त्रीय गायक तथा संगीतकार गुरुदेव कामत दुवै मृगौला फेल भएर केही महिनादेखि थला परेका थिए । उनको उपचारमा शुभेच्छुकहरूले आर्थिक सहयोग पनि गर्दै आएका थिए, तर मृगौला फेर्नुपर्ने र १५-२० लाख खर्च लाग्ने भएपछि उहाँको उपचारको जिम्मा राज्यले लिनुपर्ने थियो ।

सांगीतिक क्षेत्रमा सक्रिय कामतको योगदान ठूला भनाउँदा राजनीतिज्ञहरूभन्दा कैयौँ गुणा बढी छ । अरबपति नेताहरूलाई उपचार खर्च दिएर राज्यले आफ्नो ढुकुटीबाट अहिलेसम्म करोडौँ रुपैयाँको दुरुपयोग गरिसकेको छ । तर, जीवनका लागि संघर्षरत संगीत साधक कामतलाई आर्थिक सहयोग गर्न नसक्नुले राज्यका स्रोत साधन नेता र तिनीहरूका भरौटेका लागि मात्र रहेको थप प्रष्ट भएको छ । राज्यको यस उदासीनताले सोच्न बाध्य बनाएको छ कि के साँच्चै राष्ट्रको धरोहरको सम्मान गरिँदैछ ?

## सम्पादकीय



# केपी ओलीले संविधान संशोधन गर्लान् ?

प्रधानमन्त्री केपी शर्मा ओलीले बारम्बार भन्नुहुन्छ कि आवश्यक्ता र औचित्यको आधारमा संविधान संशोधन हुन्छ । प्रधानमन्त्रीलाई यसको आवश्यक्ता र औचित्य कि महसुस नभएको होला त भन्ने जिज्ञासाभन्दा पनि गम्भीर चिन्ताको विषय हो । आवश्यकता र औचित्य एकदमै छ । अहिले मात्र होइन, जुन बेलामा संविधान निर्माण भइरहेको थियो त्यो बेलामा नै थियो । त्यो बेलामा बलमिचाई गरेको देखिएको छ । जबसम्म समस्या रहिरहन्छ तबसम्म राष्ट्रियता बलियो हुँदैन । त्यसैले, समस्या समाधान गर्नु नै अहिलेको आवश्यक्ता र औचित्य हो । यदि गरिरहेको छैन भने यसको अर्थ हो कि उनीहरूको नियत खराब छ ।

संविधान जारी भएको ९ वर्ष भइसक्दा पनि अहिलेसम्म सर्वस्वीकार्य हुनसकेको छैन । यसरी असन्तुष्टि रहिरहँदा संविधानको भविष्य लामो देखिएको छैन । संविधानप्रति यसरी नै असन्तुष्टि राहिरहँदा यसको लामो भविष्य देखिँदैन । किनभने अहिलेसम्म नेपालमा छ वटा संविधान खारेज भइसकेको छ र यो सातौं संविधानको रूपमा आएको छ । त्यसैलै भन्न सकिँदैन कि यसको अवस्था त्यस्तै नहोला । यो संविधानलाई यदि सफल बनाउने हो भने समस्याहरू समाधान गर्दै जानुपर्छ । अनि मात्रै समृद्ध नेपाल र सुखी नेपालीको नाराको सार्थकता हुन्छ ।

प्रधानमन्त्री केपी ओलीको मधेशमा जुन किसिमको छवि थियो, त्यसमा आंशिकरुपमा परिवर्तन आएको हो । हल्का परिवर्तन आएको जस्तो देखिन्छ । उहाँको जुन बानी छ, त्यो परिवर्तन हुँदैन । त्यो परिवर्तन गर्नका लागि धेरै साधना, चिन्तन, मनन गर्नुपर्छ । आफूलाई सर्वव्यापकरूपमा उभ्याउन सक्नुपर्छ । तर, त्यस्तो सोच र व्यक्तित्व भएको केपी ओलीलाई देखिदैन । यदि उहाँमा परिवर्तन आएको भए अहिलेसम्म संशोधनको प्रक्रिया अवश्य अगाडि बढाउनुपर्दथ्यो । त्यसैले अहिले पनि शंका छ । उहाँ आफ्नो कार्यकालमा सायद संशोधन गर्नुहुन्न ।

संशोधनको नाममा सरकारलाई समर्थन जनाएका र सरकारमै सहभागी भएका मधेश आश्रित दलहरुको भूमिकालाई आम मधेशीले नियालिरहेका छन् । विगतमा मधेशी दलहरु संशोधनका लागि लिखित सहमति नै गरेर विगतमा बारम्बार सरकारमा गएकै हुन् । सत्ताका लागि मात्रै मधेश आश्रित दलहरु सरकारमा गएको हो भनेर भन्न सकिन्न । देशका समस्याहरू समाधान गर्नका लागि मधेश आश्रित दलहरु यदि सरकारमा नगएको भए दुई तिहाईको बहुमत पुग्ने थिएन । जबकि संशोधनका लागि दुई तिहाई आवश्यक हुन्छ । तर, संशोधनका लागि जति काम गर्नुपर्ने थियो, कुरा उठाउनुपर्ने थियो त्यो कुरा मधेश आश्रित दलहरुले नगरेकोले तिनीहरुमा पनि सत्तामोहको शंका उब्जेको महसुस हुन थालेको छ । संशोधनको सर्तमा सरकारलाई समर्थन गरेकै थियो, सरकारमै जानुपर्ने बाध्यता थिएन । तर, राजनीति गर्ने पार्टीको लक्ष्य सरकारमा जाने हुन्छ । सरकारमा जानु नराम्रो कुरा होइन । तर, गएपछि आफ्नो कर्तव्य पूरा गर्नुपर्छ । त्यो महत्वपूर्ण कुरा हो ।

संशोधन पक्षधर दलहरू जसपा, लोसपा, जनमत, नागरिक उन्मुक्तिबीच सहकार्य वा सम्वाद नहुँदा सरकार गम्भीर नभएको हुनसक्छ । वर्तमानलाई लागेको होला कि मधेशी दलहरूबीच फुट भयो भने सन्चोको अवस्था हुन्छ । त्यो आफैमा ठिक कुरा होइन । मधेश आश्रित दलहरु मिल्नु नै मधेश र देशका लागि आवश्यक छ ।

# सप्तरीका शीर्ष स्रष्टा आदि महाकवि उदयानन्द अर्याल

पात्रताको उचित मूल्यांकन नगरी पारितोषिक तोकिएमा दूधमा विष मिसाए सरह हुन्छ, जुन नाङ्गो आँखाले देखिदैन तर सेवन गरे ज्यान जान सक्दछ । गुरु द्रोणाचार्यले छोरा अश्वस्थामालाई दुर्योधनको सट्टा अर्जुनसँग मित्रता साध्न सुझाएका थिए । तर अश्वस्थामाले त्यसलाई नकार्दै सबै शिष्यभन्दा अर्जुनलाई बढी स्थान दिएर पक्षपात गरेको आरोप लगाए । गुरु द्रोणाचार्यले भनेका थिए– नदीले पात्र हेरेर जलको मात्रा कम बेसी दिँदैन । यो उसले लिएर आएको पात्रतामा निर्भर हुन्छ कि उसले कति जल प्राप्त गर्छ । अन्जुली लिएर गएमा त्यति मात्र जल प्राप्त गर्न सक्छ, जति उसको अन्जुलिमा अट्छ । गाग्री लिएर गएमा उसले गाग्रिभरी जल प्राप्त गर्न सक्छ । त्यसैले पात्र मात्र भएर सबै प्राप्त हुँदैन, त्यसको लागि पात्रता पनि त्यतिकै आवश्यक हुन्छ भनी भनेका थिए ।



**अजयकुमार झा**

महेन्द्र राजमार्ग अहिले पूर्व-पश्चिम राजमार्गको नामले चिनिएको छ । पूर्वमा सप्तकोशीपारि र पश्चिममा बलानपारि फैलिएको सप्तरी जिल्ला अहिले कोशी र बलान नदीबीच समेटिएको छ । सप्तरीको शिरान चुरे पवर्तको फेदैफेद गएको पूर्व-पश्चिम राजमार्गको ५९ किलोमिटर खण्ड यस जिल्लामा पर्दछ । पूर्वबाट कोशी ब्यारेज पार गरी अघि बढ्दा यस राजमार्गमा भारदह, बरमझिया, कञ्चनपुर आदि गाउँ भेटिन्छ । राजमार्ग छेवैको बरमझिया बजारमा उत्पादित पेडा ( मिठाई) निकै लोकप्रिय छ । बरमझिया सौ पूर्व र कोशी टप्पु वन्यजन्तु आरक्ष सौ पश्चिमको इलाकाभित्र औरा, मुखियापट्टी, बिसवारी, बैरवा आदि गाउँ पर्दछ । वैरवा (अर्थात् बैरवा) गाउँको नाम कसरी रहन गयो भन्ने सवालमा विर्तवाल वीरेश्वर अर्यालले बसोवास गरेकोले वाउनले वैरवा गाउँ बसाएको सन्दर्भमा वैरवा (अपभ्रंश भएर बैरवा भनिएको) नाम कायम भएको बढी तार्किक देखिन्छ । तर कतै कतै उदयानन्द अर्यालको पिताको नाम विश्वेश्वर अर्याल भनिएको पनि देखिन्छ ।

वैरबा गाउँस्थित लक्ष्मी नारायण मन्दिरको स्थापना यी उदयानन्द अर्यालले नै गरेका थिए । इतिहासकार हरिकान्त लाल दासले आफ्नो “सप्तरीको राजनीतिक इतिहास तथा प्रमुख धार्मिक स्थलहरु” पुस्तकमा उल्लेख गर्नु भएअनुसार शाहवंशका संस्थापक राजा द्रव्य शाहलाई सहयोग गर्ने नारायण दास अर्ज्यालका वंशज विश्वेश्वर अर्ज्यालले जीविकोपार्जनको निम्ति पश्चिम नेपालबाट पूर्वतर्फ आई सेन वंशीय राजा मुकुन्द सेन दोस्राबाट सप्तरी जिल्लाको बैरवा गाउँमा विर्ता पाएका थिए । वि.सं. १८१६ पछि उनी विजयपुरका युवराज कर्ण सेन र शाहजादी मैयालाई पढाउने काममा नियुक्त भएका थिए । त्यसवापत उनलाई सप्तरी जिल्लामै दुधैला र मुसहर्निया गाउँको विर्ता प्राप्त भएको थियो । उनै विश्वेश्वर अर्ज्यालका छोरा उदयानन्द अर्याल (अर्ज्याल) आफ्नो समयका प्रकाण्ड विद्वान थिए ।

उदयानन्द अर्याल नेपाली भाषाका ठूला कवि थिए । साथै संस्कृत, हिन्दी, उर्दू, फारसी, नेवारी, भोजपुरी, मैथिली भाषामा पनि प्रवीण थिए । इतिहासकार दासका अनुसार पुर्ख्यौली हिसाबले ज्योतिष शास्त्रमा उनको दखल थियो । मुख्तियार भीमसेन थापाको समयमा यिनी अमिनको रुपमा नियुक्त भएका थिए । वैरबाको दक्षिण दिशामा अवस्थित भारदहको कंकालिनी मन्दिरको स्थापना कवि उदयानन्द अर्यालले नै गरेका थिए ।

कवि उदयानन्द अर्याल नै नेपालका आदि कवि वा महाकवि हुन् भन्ने धारणा व्यक्त गर्न थालिएको छ । यद्यपि भानुभक्त आचार्यलाई आदिकवि र लक्ष्मी प्रसाद देवकोटालाई महाकविको उपाधि दिइएको छ । खस साहित्यमा यो एक जटिल विषयको रुपमा उत्पन्न भएको देखिन्छ । यी महान व्यक्तित्वको विषयमा शोध गरेर धेरैले स्नातकोत्तर प्राप्त गरेका छन् । तर कता कता उदयानन्द अर्यालले पाउनै पर्ने वास्तविक पहिचान र सम्मान उनले पाउन नसकेको निष्कर्ष निकाल्ने गरिन्छ । कवि उदयानन्द अर्याललाई उचित पहिचान दिलाउन उनको स्मृतिमा स्थापित उदयानन्द स्मृति प्रतिष्ठान क्रियाशील रहेको देखिन्छ । उक्त प्रतिष्ठानले नेपाल प्रज्ञा प्रतिष्ठानको सहयोगमा वि.सं. २०७८ मा कवि अर्यालको जन्मस्थल सप्तरीको वैरबामा एक साहित्यिक सम्मेलन आयोजना गरेर उनलाई उचित पहिचान र सम्मान दिन राज्य व्यवस्था र साहित्यिक क्षेत्रको ढोका ढकढकाएको देखिन्छ ।

शाह राजवंशको शासन व्यवस्थामा तनहुँ, कास्की, लमजुङ्गको बोलबाला थियो । त्यसैले उनीहरुले तनहुँका भानुभक्तलाई साहित्यको शीर्षमा स्थापित गरे । कवि उदयानन्द अर्याल आदिकवि भएपनि उनलाई चिन्ने काम उनीहरुले गरेनन् । उदयानन्द अर्याल खस साहित्यका स्रष्टा भएपनि मधेशका भएकाले उनीप्रति विभेद भयो । तर आज शासन व्यवस्था बदलिएको छ । स्रष्टा भानुभक्तलाई प्रदान गरिएको आदिकविको पगडी खोस्ने कुरा होइन, तर समय र सिर्जनाको धरातलमा निष्पक्ष मूल्यांकन हुनुपर्छ । पात्रताको उचित मूल्यांकन नभए इतिहास रुन्छ ।

पात्रताको उचित मूल्यांकन नगरी पारितोषिक तोकिएमा दूधमा विष मिसाए सरह हुन्छ, जुन नाङ्गो आँखाले देखिदैन तर सेवन गरे ज्यान जान सक्दछ । गुरु द्रोणाचार्यले छोरा अश्वस्थामालाई दुर्योधनको सट्टा अर्जुनसँग मित्रता साध्न सुझाएका थिए । तर अश्वस्थामाले त्यसलाई नकार्दै सबै शिष्यभन्दा अर्जुनलाई बढी स्थान दिएर पक्षपात गरेको आरोप लगाए । गुरु द्रोणाचार्यले भनेका थिए– नदीले पात्र हेरेर जलको मात्राकम बेसी दिँदैन । यो उसले लिएर आएको पात्रतामा निर्भर हुन्छ कि उसले कति जल प्राप्त गर्छ । अन्जुली लिएर गएमा त्यति मात्र जल प्राप्त गर्न सक्छ, जति उसको अन्जुलिमा अट्छ । गाग्री लिएर गएमा उसले गाग्रि भरी जल प्राप्त गर्न सक्छ । त्यसैले पात्र मात्र भएर सबै प्राप्त हुँदैन, त्यसको लागि पात्रता पनि त्यतिकै आवश्यक हुन्छ भनी भनेका थिए ।

कवि उदयानन्द अर्याल के कुन कारणले आदिकवि वा महाकवि हुन् भन्ने विषयमा आवश्यक छलफल हुनुपर्दछ । इतिहास र प्रतिभाप्रति कुनै कारणले अन्याय परेको छ भने न्याय दिनु बौद्धिक र साहित्यिक जगतको जिम्मेवारी पनि हो । कवि उदयानन्द अर्याल, आदिकवि भानुभक्त आचार्य र महाकवि लक्ष्मी प्रसाद देवकोटाको कालर योगदानको तुलनात्मक अध्ययन गरिनु आवश्यक देखिन्छ । यस प्रश्नलाई अनन्तकालसम्म निरुत्तर बनाएर राख्न सकिदैन । इतिहास प्रति वर्तमानले उठाएको प्रश्नको उत्तर वर्तमानले नै खोजेर भविष्यलाई सुम्पिनुपर्छ र त्यही नै सम्मानजनक हुन्छ ।

कविउ दयानन्द अर्यालले समुचित पहिचान पाउन नसकेकोमा उनको समयमा नेपाल राज्य संरचनात्मक अवस्थाबाट गुज्रिरहेको अर्थात् साहित्यिक जगत संस्थागत भई नसकेको अवस्थालाई एक प्रमुख कारणको रुपमा लिन सकिन्छ । यस लेखको आशय ऐतिहासिक स्रष्टाहरुको तुलनात्मक अध्ययन गर्नु होइन । अपितु नेपाली कविता इतिहासको पूर्व प्राथमिक कालखण्डलाई नियाल्नुपर्छ कि भन्ने धारणाको औचित्यलाई बल प्रदान गर्ने उद्देश्यबाट प्रेरित छ । कवि अर्यालको जन्म स्थान, जन्म तिथि, अवसान तिथि, उनको कृति, भूमिका, योगदान आदि विषयमा आवश्यक अध्ययन हुनु जरुरी छ । इतिहासका पुराना पानाहरुमाथि जमेको धुलो पुछिनु आवश्यक छ ।

नेपाली कविताको विकास कालक्रमलाई प्राथमिककाल (वि.सं. १८२६-१९४०), माध्यमिककाल (वि.सं. १९४१-१९७४) र आधुनिककाल (वि.सं. १९७५ यता) गरी तीन कालखण्डमा विभाजन गरिन्छ । नेपाली कविताको प्राथमिक कालखण्ड पनि दुई चरणमा विभाजित छ । वि.सं. १८२६ देखि १८७२ सम्मको अवधि पहिलो चरण हो भने वि.सं. १८७२ देखि १९४० सम्मको अवधि दोस्रो चरण हो । पहिलो चरणलाई पूर्वाद्ध वा पूर्व प्राथमिककाल र दोस्रो चरणलाई उतरार्द्ध वा उत्तर प्राथमिककाल पनि भनिन्छ ।

पूर्व प्राथमिककालको आरम्भ कवि सुवानन्द दास रचित ‘पृथ्वीनारायण’ कविताबाट भएको मानिन्छ । सुवानन्द दासको यही ‘पृथ्वीनारायण’ कविता (वि.सं. १८२६) नै लिखित पहिलो नेपाली कविता हो

पूर्व प्राथमिककालका मुख्य कविहरुमा सुवानन्द दास, शक्ति वल्लभ अर्याल र उदयानन्द अर्यालको नाम आउँछ । वीरन्दना, युद्ध वर्णन, विजययात्रा र राजभक्ति यस चरणका कविताका मुख्य प्रवृत्ति हुन् । वीरधाराका कविताको प्रधानता रहेको यस चरणमा कवित्त छन्द शैलीका साथै वर्ण मात्रिक छन्दहरुको पनि प्रयोग भएको पाइन्छ । लोकलयात्मक कवित्त छन्द एवं लोकगाथा प्रभावित विषयवस्तु ग्रहण गरेर कविता रचना गर्ने कविहरुमा सुवानन्द दास र वर्णमात्रिक छन्दलाई काव्याभिव्यक्तिको माध्यम स्वीकार्ने कविहरुमा शक्ति वल्लभ अर्याल, उदयानन्द अर्याल, राधा वल्लभ हुन् । सुवानन्द दास कृत ‘वीरवन्दना’वा ‘पृथ्वीनारायण’ र ‘साढ्याको कवित्त’, शक्ति वल्लभ बकृत ‘तनहुँ भकुण्डो’ एवं उदयानन्द कृत ‘सिंह प्रताप वर्णन’ वा ‘पुरानुबातको अर्जी’ सुन्दरानन्द बाँडाको ‘आशा नदी,’ राधावल्लभ अर्यालको ‘साँढ्याको कवित्,’ रामभद्र पाध्या रेग्मीको ‘बंधुविनपराष्टकं,’ गुमानी पन्तको ‘फुटकर कविता,’ रत्नाकर पण्डितको ‘गीत,’ लक्ष्मीनारायणको ‘हरिश्चन्द्र विलाप’ आदि कविता यस चरणका प्रमुख कविता हुन् । यस चरणका कविहरुले साधारणतः बोलचालको भाषा नै प्रयोग गरेको पाइन्छ तापनि सुवानन्द दास र उदयानन्द अर्यालका कवितामा हिन्दी, अवधि, उर्दू र नेवारी भाषाका शब्दहरु प्रयोगसमेत पाइन्छ । । यस अर्थमा कवि दास नै नेपालका आदिकवि हुन् भन्नुपर्छ । धादिङ् जिल्लाको नेत्रावती डबजोङ पालिकास्थित कटुन्जे उनको जन्मस्थानमा नेपालको पहिलो कविको रुपमा उनको प्रतिमा स्थापना गरिएको छ ।

प्राथमिककालीन नेपाली कविताको पहिलो चरण वीरवन्दना वा वीरधारा हो । यस धारामा वीर काव्यको प्रबलता देखा पर्दछ । समकलीन वीर तथा वीराङ्गानाहरूको शौर्य, वीरता र विजयका गाथाप्रति कविताहरूलाई समर्पित भएकाले ती कविताहरुलाई वीर काव्यको संज्ञा दिइएको छ । वि.सं. १८०१ देखि १८७२ सम्मको अवधि नेपाल एकीकरणको र राज्य विस्तारको अवधि हो । पृथ्वीनारायण शाहले वि.सं. १८०१ को नुवाकोट विजयद्वारा एकीकरण अभियान प्रारम्भ गरेको एकीकरणकालीन कविताहरुको केन्द्रीय भाव शुरवीरहरूको स्तुति नै हो । वीरधाराको युग धेरै लामो नभएपनि त्यस अवधिमा अनेक कविको अभ्युदय भएको पाइन्छ । यस चरणका कविताहरूले युगीन परिस्थितिको चित्रण सजीव ढङ्गले गरेका छन् ।

वीरकालीन कवि उदयानन्द अर्याल विशिष्ट प्रतिभार बहुमुखी व्यक्तित्वका धनी थिए । उदयानन्द अर्याल नेपाली साहित्यका त्यस्ता पहिला कवि हुन् जसले फुटकर कविता वाहेक खण्ड काव्य र महाकाव्यको पनि रचना गरे । कविताको ठूलो रूप महाकाव्य र खण्डकाव्य समेत रचना गरेर उनले आफूलाई समर्थ कवि प्रमाणित गरे । उदयानन्द अर्यालले ऐतिहासिक विषयवस्तुको ग्रहण गरी राष्ट्रियता एवं सांस्कृतिक दृष्टिकोणका साथै वीरताको वर्णन गरेका छन् । उनले ‘पुरानु वातको अर्जी’ कवितामा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको वीरताको वर्णन गरी प्रतापसिंह शाह र बहादुर शाहको पालामा भएका घटनाहरूको वर्णन गरेका छन् । कवि उदयानन्द अर्यालको रचनाहरूमा २६ श्लोकको ‘पुरानु वातको अर्जी’, एघार श्लोक कुलवर्णन कविता र हात्ती मर्दा लेखिएको एउटा फुटकर श्लोक मात्र प्राप्त छन् । हाल यिनका नाममा ‘बेताल पचीसी, खण्डकाव्य र ‘पृथ्वीन्द्रोदय’ महाकाव्य पनि जोडिन आएका छन् ।

बाँकी पृष्ठ ५ मा

# आन्दोलन वा विद्रोह र क्रान्ति त्यहीँ हुन्छ, जहाँ विभेद र असमानता हुन्छ



उपेन्द्र यादव

अध्यक्ष, जनता समाजवादी पार्टी नेपाल

**० संविधान संशोधनको नारालाई लिएर भएको नयाँ सत्ता समीकरणलाई यहाँले कसरी हेर्नुभएको छ ?**

– संविधान संशोधन हाम्रो पार्टीको महत्त्वपूर्ण मुद्दा हो। घोषण भएकै दिन संविधानलाई जलाएरै हामीले विरोध गरेका थियौँ। यद्यपि संविधानलाई गति दिने, समय सापेक्ष बनाउँदै लैजाने भनेरै हामीले यो संवैधानिक प्रणालीभित्र अभ्यास गरेका हौँ। संविधान जारी हुने बेलादेखि नै तत्कालीन मधेशी अधिकार फोरमको मूल मुद्दा नै संविधान संशोधन थियो, अहिले जनता समाजवादी पार्टीको मूल मुद्दा पनि यही छ। संविधान बन्ने बखतमै हामीले देशमा ६-६ महिना आन्दोलन गर्‍यौं। त्यतिबेला संविधान राम्रो बनाऊ भनेर धेरै नेपालीले सहादत दिए। तर जनतामाथि गोली ठोकेर संविधान घोषणा गरियो। यो संविधान मुलुकको हितमा छैन भनेरै हामीले जलाएका हौँ। त्यसपछि संवैधानिक प्रक्रियाबाटै संशोधन, परिमार्जन वा पुनर्लेखन गर्नुपर्छ भन्ने हाम्रो अभ्यास र माग रह्यो।

म यो स्मरण गराउन चाहन्छु, केपी शर्मा ओली योभन्दा अगाडि प्रधानमन्त्री हुँदा म केही समयका लागि कानुनमन्त्री थिएँ। मैले कानुनमन्त्रीको हैसियतले प्रस्ताव लगेको थिएँ– संविधान संशोधनका लागि संविधान पुनरवलोकन आयोग बनाऊँ, त्यसले दिएको सिफारिसलाई आधार मानेर संविधानलाई समय सापेक्ष बनाउँ। त्यो प्रस्ताव तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अस्वीकार गर्नुभयो। त्यसपछि म सरकारमा बस्नु उचित रहेन र राजीनामा दिएँ। किनभने हाम्रो पार्टी र त्यस बेलाको नेपाल कम्युनिस्ट पार्टीको बिचमा संविधान संशोधनलाई लिएर हस्ताक्षर भएको थियो– प्रचण्डजी, ओलीजी र म हस्ताक्षरकर्ता थियौँ। त्यो दिशामा प्रधानमन्त्री नगएपछि मैले राजीनामा दिएको थिएँ।

संविधान संशोधन गर्ने भनिसकेपछि कुन कुन विषय वा व्यवस्थामा संशोधन गर्ने भन्ने हुन्छ। विगतका सशस्त्र विद्रोह, जनआन्दोलन, ऐतिहासिक मधेश जनविद्रोह आदिको उपलब्धि हो– संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल। संघीयता, लोकतन्त्र, नागरिक स्वतन्त्रता, मौलिक हक, गणतन्त्र जस्ता अत्यन्त महत्त्वपूर्ण सवालहरू यस संविधानमा पनि उल्लेख छन्। त्यसलाई संवैधानिक रूपले मूर्त रूप दिनका लागि नै संविधान संशोधन गर्नुपर्छ।

**० अलिकति स्मरण गरौँ, यहाँहरूले संविधानका कुन कुन व्यवस्थामा संशोधन चाहेको हो ?**

– संविधान संशोधन गर्ने कुरा अहिले उहाँहरुले महसुस गर्नुभएको छ, यसले यो प्रमाणित गर्छ कि हामीले उठाएका कुरा सही रहेछन्। संशोधन गर्छौं भन्नु मात्रै महत्त्वपूर्ण कुरा होइन, संशोधन केमा गर्ने, के उद्देश्यले गर्ने भन्ने प्रश्न छ। हामी भन्छौं– संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न र राजनीतिक स्थिरताका लागि संविधान संशोधन गर्ने हो।

अहिलेको संसदीय प्रणाली नेपालमा मात्रै होइन, संसारका धेरै कम विकसित मुलुकमा अभिशाप सिद्ध भएको छ। राजनीतिक स्थिरता, विकास र समृद्धिको यात्रामा यो संसदीय व्यवस्था काम लाग्दैन। सम्पन्न र समृद्ध मुलुकहरूमा संसदीय व्यवस्था राम्रै छ, उपलब्धिपूर्ण नै छ तर हामीकहाँ लामै अभ्यास भयो तर काम लागेन, असफल भयो।

त्यसैले अब जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्छ, जनताबाट निर्वाचित समानुपातिक संसद वा प्रदेशसभाको निर्माण गरिनुपर्छ। हाम्रो निर्वाचन प्रणाली विकृत छ, न यो समानुपातिक समानुपातिक जस्तो छ, न त प्रदेश प्रदेश जस्तो छ। त्यसैले समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्छ। जहाँ मसल पावर, मनी पावर र बाहिरिया हस्तक्षेपको कुनै गुन्जायस नहोस्। यो खालको निर्वाचन प्रणाली करिब करिब संसारका ७१ वटा देशमा सफलतापूर्वक चलेको छ; जहाँ उम्मेदवारले खर्च गर्नपर्दैन, पार्टीले पनि खर्च गर्नुपर्दैन। यस किसिमको समानुपातिक निर्वाचन प्रणालीमै हामी जानुपर्छ।

योसँगै संघीयतालाई बलियो बनाउनुपर्छ। प्रदेशहरूलाई स्वायत्त र अधिकार सम्पन्न बनाउनुपर्छ, अनि मात्रै संघीयता हुन्छ, प्रदेश शब्द राखिदिएर एक-दुई नियुक्ति दिएर र दुइटा कर्मचारी पठाइदिएर संघीय प्रणाली सार्थक हुँदैन। प्रदेशहरू अधिकारसम्पन्न र स्वायत्त रहनुपर्छ। केन्द्रका सरोकारका विषय केन्द्रमा, प्रादेशिक सरोकारका विषय प्रदेशकै क्षेत्राधिकारभित्र रहनुपर्छ।

संसारका अधिकांश मुलुकमा स्थानीय सरकारहरू दलविहीन हुन्छन्, हाम्रै छिमेकी मुलुक भारतमै त्यो छ। स्थानीय तहलाई प्रदेश मातहत राख्नुपर्छ, स्थानीय तहका निर्वाचनहरु दलीय आधारमा नभई स्वतन्त्र हुनुपर्छ।

अर्को कुरा, न्यायपालिकाको पुनर्गठन नै गर्नुपर्छ। संरचनागत परिवर्तनको जरुरी छ। नेपाल बहुसांस्कृतिक र बहुराष्ट्रिय मुलुक हो। यहाँ विभिन्न वेशभूषा, भाषा-संस्कृति र परम्परा अपनाउने समुदाय छन्। ती सबैको पहिचानसहित प्रतिनिधित्व हुनुपर्छ तर यसो हुन सकिरहेको छैन। यसलाई सम्बोधन गर्ने गरी संविधानलाई संशोधन गर्नुपर्छ।

अहिले मिडिया र सामाजिक सञ्जालहरूमा आइरहेका छन्– राजनीतिक स्थिरताका लागि संविधान संशोधन गर्नुपर्छ; त्यसैले दुई दलीय व्यवस्थातर्फ लैजान थ्रेस होल्डलाई पाँच प्रतिशत बनाउने र दुइटा दल भएर बाँडेर खाने! यो त कस्तो हो भने, काले काले मिलेर खाउँ भालेजस्तै हो।

**० यहाँले जुन जुन बुँदा संशोधन हुनुपर्छ भन्नुभयो, कांग्रेस-एमालेले यहाँले भनेजसरी संविधान संशोधन गर्लान् ?**

– त्यो उहाँहरूको कुरा हो। मैले भनेको मुलुक र जनताको आवश्यकताको कुरा हो। अहिले साना दलहरू भएर राजनीतिक स्थिरता भएन भनिएको छ। यसो भन्नेलाई मेरो प्रश्न छ– २००७ सालदेखि २०८० सम्मलाई हेरौं, कुन चाहिँ सरकारमा स्थिरता थियो ? सात सालदेखि ०१७ सालसम्म स्थिरता थियो कि ? ०१७ देखि ०३६ को बिचमा स्थिरता थियो कि ? बहुदल आइसकेपछि पनि स्थिरता थिएन। अस्थिरता त ठुल्ठुला दलले पैदा गर्छन्। छत्तीसे र चौहत्तरे कांग्रेसमा भएको थियो, साना दलमा भएको थिएन। कम्युनिस्ट पार्टीमा विभाजन ठुला दलमै भएका छन्।

राजनीतिक स्थिरता हुन नदिने र राजनीतिक अस्थिरताबाट लाभ उठाएर सत्ताको खेलमा होमिने ठुला दलहरू नै हुन्। साना दलको कारणबाट अस्थिरता भएको होइन। अहिले पनि साना दलका कारणले यो सत्ता समीकरण फेरबदल भएको होइन। रोग अर्कै छ, उपचार अर्कै खोज्नु गलत हुन्छ।

जनताको हितमा उहाँहरू (कांग्रेस-एमाले)ले संविधान संशोधन गर्नुहोला भन्नेमा मलाई व्यक्तिगत रूपमा रतिभर विश्वास छैन। गरिहाल्नु भएछ भने धन्यवाद दिने पहिलो व्यक्ति बन्ने कोसिस गरुँला।

**० तपाईंहरूले संविधान संशोधन भनिरहनुभएको छ, सुरुमा संविधान जलाउनुभयो। यही संवैधानिक प्रावधानमा रहेर सत्तामा जानुभयो... ?**

– यो संविधान घोषणा गर्ने बखत हामी संविधानसभामा थियौँ। त्यहाँबाट सही संविधान बनाऊ भन्दा मानेनन्, अनि हामी सडकमा गयौँ। सडकमा भटाभट मान्छे मारिएका थिए, जुन दिन संविधान घोषणा भयो, त्यस दिन पनि चारजना मानिस मारिएका थिए। देशको ठुलो जनसंख्याले त्यस दिन कालो दिवस मनाएका थिए। केही व्यक्तिहरूले कतैकतै बत्ती बाले होलान्, काठमाडौंमा त्यो पनि। पहाडमा, हिमालमा, कर्णालीमा बत्ती बलेको थिएन।

के यो संविधानलाई ती मुठीभर मान्छे जसले त्यतिबेला स्वीकार गरेका थिए, उनीहरूकै मात्र बनाउने ? वा, जसले यो संविधानमा विमति राखेका थिए, ती सबैलाई समेटेर सबैले स्वामित्व लिने गरी यसलाई सबैको संविधान बनाउने हो र बनाइराख्ने हो ? सवाल यहाँनेर हो। हामीले भन्यौं, यो संविधान गलत छ, यसले मुलुकलाई गति दिँदैन, बर्बाद गर्छ। हामीले भनेकै प्रमाणित भएको छ। आज उहाँहरूले पनि महसुस गर्नुभएको छ।

मधेश, हिमाल, पहाड, जनजाति, मधेशी, महिला, खसआर्य जे जति छन्, सबैले भन्न सकून् यो संविधान मेरो हो र यसमा मेरो अधिकार सुरक्षित छ। संविधान दिवस त आर्मीले मात्रै बनाउँछन्, जनताले कहीँ पनि संविधान दिवस मनाएको देखिएन।

यो संविधान निर्माणको प्रक्रिया नै गलत थियो। यसलाई संसदमा छलफल नै नगराईकन यति धारादेखि यतिसम्म 'हुन्छ वा हुन्न' भनेर दुई दिनमा पास गराइयो। यसरी दुनियाँमा कहीँ संविधान बन्छ ? यही संविधानको विधेयकमाथि ३३६-३७ वटा संशोधन प्रस्ताव दर्ता भएका थिए। त्यसमा छलफल गराइएन, जबर्जस्ती लाद्ने प्रयास गरियो।

त्यतिबेला दुईवटा बाटा थिए। एउटा, यो संविधानलाई समाप्त पार्ने र अर्को लेख्ने। त्यसरी अगाडि बढ्दा मुलुक नै गम्भीर संकटमा पर्न सक्थ्यो। अनि हामीले के भन्यौँ भने, ठिक छ, हाम्रो असहमति दर्ज गरिसकेका छौँ, अब यो संविधानलाई संवैधानिक विधिद्वारा संशोधन, परिमार्जन र पुनर्लेखन गर्दै सुधार्नुपर्छ।

**० अघिल्लो केपी ओलीको सरकारमा यहाँ कानुनमन्त्री हुँदा संविधान संशोधनका लागि आयोग बनाउने कुरा भएको थियो भन्नुभयो। अहिले ओली नै प्रधानमन्त्री हुनुहुन्छ, उतिबेलै नभएको कुरा अब कसरी होला ?**

– हो, त्यतिबेला संविधान पुनरवलोकन आयोग बनाऊँ र त्यसमा संविधान विज्ञहरूलाई मात्रै राखौं, त्यसले दिएका सुझावलाई आधार मानेर एउटा समझदारीमा अगाडि बढौं भनेका थियौं, ताकि यो संविधानको स्वामित्व सबैले ग्रहण गर्न सकून्।

**० हिजो समझदारी खोज्दा दुइटा संविधानसभाको निर्वाचन गर्नुपर्‍यो, आठ वर्ष गयो। त्यो स्थिति किन सिर्जना भयो ?**

– त्यतिबेला केही मानिसको नियत नै गलत थियो। यो संविधान संविधानसभाले बनाएको भन्न मिल्दैन, संविधान लेख्ने लेखनदासहरूले हो। केही लेखनदासबाट लेखाए र जबर्जस्ती छलफलै नगरी संविधानसभाबाट घोषणा गराए। यसरी बनेको संविधान हो यो।

**० अहिले संशोधन त्यसरी हुँदैन भन्ने के छ ?**

– यसो नहोस् भन्ने हाम्रो सदिक्षा र प्रयास रहन्छ। यदि फेरि यसै गरिन्छ भने मुलुक संवैधानिक रूपमा दुर्घटनामा पर्छ।

**० तपाईंको भनाइले त संशोधनकै विषयमा पनि सत्ता पक्ष एकातिर र तपाईंहरू विपक्षमा रहने देखियो ?**

– हाम्रो पोजिसन नयाँ होइन। हाम्रो पोजिसन त्यो बेलादेखिको हो, जति बेला पहिलोपटक संविधानसभाको चुनाव भएको थियो। पल्टाएर हेर्ने हो भने दुवै संविधानसभामा हामीले राखेका प्रस्तावहरू छँदै छन्। त्यसैले संविधान संशोधनमा हाम्रा कुनै नयाँ कुरा छैनन्।

**० त्यतिबेला तपाईंहरूको एक खालको राजनीतिक हैसियत थियो, अहिले त्यो हैसियत गुमाउनुभएको छ, त्यसो हुँदा अहिले यहाँहरूको माग उही रहन्छ कि सम्झौता गर्नुहुन्छ ?**

– संविधान भनेको सबै जनताका लागि हो। त्यहाँ को नेता बलियो छ र को कमजोर छ भन्ने हुँदैन। संविधान बलियाका लागि मात्रै बनाउने होइन। देश र जनताको हितमा संविधान निर्माण गर्नुपर्छ। भारतको संविधानसभा मस्यौदा समितिका अध्यक्ष भीव राव अम्बेडकर धेरै कमजोर थिए। उनीसँग कोही पनि साथमा थिएनन्। तर भारतमा यस्तो संविधान लेखियो, जो आजसम्म जीवन्त छ। त्यसैले विचार ठुलो हो। राजनीतिमा आदर्श र विचार हुन्छ, सोही अनुरूपको गन्तव्य हुन्छ।

**० यहाँ मधेश आन्दोलनको एक नेतृत्वकर्ता, प्रमुख नेता हुनुहुन्थ्यो। त्यतिबेला संविधान संशोधनको मुद्दा यहाँहरुले जोडतोडले उठाउनुभयो, त्यसपछि क्रमशः मुद्दा कमजोर हुँदै गयो। बरु सत्ताको वरिपरि घुम्नुभयो भन्ने आरोप छ नि ?**

– सरकारमा रहँदा होस् वा विपक्षमा रहँदा होस्, हामीले हरेकपटक संविधान संशोधनको कुरा उठाएका छौं। सरकारमा जाँदा झनै संविधान संशोधन गर्छौं भनेर हस्ताक्षर गरेका छौँ– कहिले कांग्रेस, एमाले, माओवादी र हामीबिच; कहिले माओवादी, एमाले र हामीबिच। त्यसकारण हामीले संविधान संशोधनको मुद्दा छाडेका छैनौं।

स्मरण गराउन चाहन्छु, दुईपटकसम्म संविधान संशोधन गर्ने प्रस्ताव संसद्मा पुगेर भोटिङमा पनि पुगेको हो। भोटिङमा दुईतिहाइ नपुगेर संशोधन नभएको हो। त्यतिखेर बहुमत थियो तर दुईतिहाइ पुगेन, दुईतिहाइ पुग्न नदिने एमाले नै थियो। जेहोस्, हामीले संशोधनको मुद्दा छाडेको भए त्यहाँसम्म पुग्ने थिएन। त्यसैले अहिले व्यक्तिको इच्छा अनुसार र संक्रीर्णताको दायरामा संविधान संशोधन भन्ने हुँदैन। त्यो प्रत्युत्पादक पनि हुन सक्छ।

**० संशोधनको चर्चासँगै यहाँले केपी ओली वा शेरबहादुर देउवासँग कुरा गर्नुभएको छ ?**

– यो विषय अहिलेसम्म कुनै छलफलमा आएकै छैन। संविधान संशोधन गर्ने भन्ने उही मिडियामा आएका कुरा मात्रै मैले देखेको छु। संविधान संशोधन हुने भयो भने हाम्रा सुझावहरू छन्, सुझावसहित छलफल गर्ने बेला आउन सक्छ।

**० तपाईंले भने अनुसार संविधान संशोधन चाहने राजनीतिक शक्तिहरू कुन कुन हुन् अहिले ?**

– नेपालमा ०४७ सालको संविधानलाई सबैले मानेका थिए। त्यसपछि जनआन्दोलनपछि सात दलले अन्तरिम संविधान जारी गरे। त्यस बेला मधेशी जनअधिकार फोरम राजनीतिक सानो संगठनको रूपमा एक्लै थियो, पार्टी पनि बनिसकेको थिएन। हामीले यो संविधान गलत हो भनेर आवाज उठायौं। हामीमाथि दमन भयो। तर मुलुक नै उभियो र त्यो संविधान दुईपटक संशोधन भयो। नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र हुनेछ भन्ने त्यही संशोधनपछि आएको हो। जबकि त्यसभन्दा अघि संघीयतामा जाने कुरा कसैले मान्दैनथे।

आखिर सबैले मान्नुपर्ने भयो। हाम्रा मुद्दा स्पष्ट छन्। यो मुलुकको मुद्दा हो; जनताको मुद्दा हो; लोकतान्त्रिक शक्ति, पहिचानवादी शक्ति र गणतान्त्रिक शक्तिको मुद्दा हो। यसलाई केही ढिलो गरेर नसुन्न पनि सक्छन् तर भाग्न सक्दैनन्, यसले पछ्याइरहन्छ र एक न एक दिन मूर्त रूप लिएरै छाड्छ।

**० संशोधनको मुद्दा अगाडि बढ्यो भने विगतमा जस्तै मधेश आन्दोलन फेरि हुन सक्छ ?**

– आन्दोलन वा विद्रोह र क्रान्ति त्यहीँ हुन्छ, जहाँ विभेद र असमानता हुन्छ, जहाँ उपेक्षा हुन्छ, जहाँ दमन र शोषण हुन्छ। यो प्राकृतिक नियम हो। यसलाई कसले काट्न सक्छ ?

**० पहिचान र सामर्थ्यका आधारमा कुरा गर्दा अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी मधेशले नै पाएको भनिन्छ। पहिचानका नाममा मधेश भन्ने त आयो, तर मधेशी दलित, महिला लगायत उत्पीडित वर्गको त्यति पहिचान भएको देखिँदैन। उनीहरूलाई पनि सम्बोधन गर्ने के सूत्र छन् यहाँसँग ?**

– त्यतिखेर अन्तरिम संविधानमा टेकेर संविधानसभामा उच्चस्तरीय राज्य पुनर्संरचना आयोग गठन गरिएको थियो। आयोगले पहिचानका पाँच आधार र सामर्थ्यका चार आधार भनेको थियो। त्यसमा टेकेर पहिचानलाई मान्यता दिनुपर्छ। आयोगले दिएको त्यो रिपोर्ट राज्यको सम्पत्ति हो। अन्तरिम संविधानमा के लेखिएको थियो भने– उच्चस्तरीय राज्य पुनर्संरचना आयोगले दिएको प्रतिवेदनका आधारमा राज्य पुनर्संरचना गर्नुपर्छ। त्यही आधारमा फर्कनुपर्ने हुन्छ। नेसनल आइडेन्टिटीलाई रेकग्नाइज गर्नुपर्छ। नेसनालिटीहरूलाई उनीहरूको पहिचानको मान्यता दिनुपर्छ र उनीहरूको राजनीतिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ। यहाँले उठाउनुभएको विषय यसमै पर्छ।

हामीकहाँ अर्को पक्ष पनि छ– यहाँ जात र लिंगमा आधारित विभेदहरू छन्। ती विभेदलाई अन्त्य गर्ने दिशातर्फ अगाडि बढ्नैपर्छ।

अर्को कुरा, हामीकहाँ वर्ग, वर्ण वा जातजातिका आधारमा मात्रै विभेद छैनन्, राज्यको संरचनागत विभेद छ। पञ्चायतकालमा १४ अञ्चललाई उत्तर-दक्षिण बनाएर विभेद गरिएको थियो। ७५ जिल्ला र विकास क्षेत्र पनि विभेदकारी नै थिए। अहिले राज्य संरचना जुन छ सातवटा प्रदेश र पालिकाको, यी पनि विभेदकारी वा असमावेशी हुने खालकै छन्। योसँगै संवैधानिक निकायका संरचना पनि विभेदकारी छन्। संरचनागत विभेद जातीय, धार्मिक र भाषिक विभेदभन्दा अत्यन्तै खतरनाक हुन्छ। यसलाई अन्त्य गर्ने गरी संविधानको संशोधन गर्नुपर्छ।

**० प्रश्नको आशय यो थियो कि, जस्तो : २००७ सालको परिवर्तन हुँदा राणासँग खोसेर पहाडिया अभिजात वर्गले अधिकार लियो। यस्तै ०६२/६३ को आन्दोलनपछि मधेशमा अभिजात वर्गले अधिकार पाएको जस्तै भएको छ। त्यहाँ दलितहरू, महिलाहरू, मुस्लिमहरू जो साँच्चिकै विभेदमा परेका छन् उनीहरूको मुद्दा जहिले पनि छायामा पर्छन्। तपाईंहरूको पार्टीमै समावेशीको अभ्यास देखिँदैन। उत्पीडित वर्गलाई समावेशी बनाउने गरी संविधानको संशोधन कसरी गर्नुपर्ला ?**

– हाम्रो राजनीतिक महाधिवेशनले पारित गरेको दस्तावेज छ, हामीले त्यसलाई अभ्यास गर्दै छौं। महिलाहरूलाई र दलितहरूलाई प्रत्यक्षतर्फ पनि, चाहे प्रदेशमा होस् चाहे संघमा, आरक्षित निर्वाचन क्षेत्र बनाइनुपर्छ। जहाँ महिला महिलाबिच प्रतिस्पर्धा होस्, दलित-दलितबिच प्रतिस्पर्धा होस्। जुन बहिष्कृत वा अतिसीमान्तकृत वर्गहरू छन्, उनीहरूलाई आरक्षित प्रणालीबाटै राजनीतिको मूल धारमा प्रवेश गराउनुपर्छ, जबसम्म उनीहरू अरुको तुलनामा क्षमतावान् हुँदैनन्।

अर्को प्रशासनिक क्षेत्रमा उनीहरूको योग्यता, क्षमता जे छ, त्यस आधारमा अवसर दिनुपर्छ। शिक्षा र स्वास्थ्यको क्षेत्रमा राज्यले लक्षित वर्गको हकमा लगानी गर्नुपर्छ। शिक्षा पाए, अवसर पाए र प्रतिनिधित्व पाए भने यहाँले इन्डिकेट गरेको वर्ग, जातजातिहरू ठ्याक्कै माथि आउँछन्। अहिलेको जस्तो जातीय विभेद र नस्लवादी चिन्तनमा आधारित शासन प्रणाली र शासकीय स्वरूपबाट ती वर्गको उत्थान असम्भव छ।

**० अहिले कांग्रेस-एमालेले प्रदेश सभामा समानुपातिक प्रावधान हटाउने भनेको छ, यसमा यहाँको विचार के छ ?**

– समानुपातिकका केही विकृति र विसंगति पनि छन्, त्यसलाई करेक्सन गर्नुपर्छ। समानुपातिक प्रतिनिधित्व प्रणालीलाई करेक्सन गर्नुपर्छ। तर, समानुपातिक पद्धति जुन हो, जसले सीमान्तकृत वर्गहरूको प्रतिनिधित्व हुँदै आएको छ, त्यो प्रतिनिधित्वलाई अझ बढाउने गरी संविधान संशोधन हुनुपर्छ, घटाउने गरी होइन।

त्यो (प्रदेशसभामा समानुपातिक) प्रावधानलाई अन्त्य गर्नुको अर्थ के ? फेरि एकल जातीय राज्य स्थापित गर्ने हो ? एउटै भाषा एउटै भेष, एउटै जाति एउटै देश बनाउने ? यो त स्वीकार्य हुँदैन ?

**० अहिले मधेशमा यस्तै भएको छ भन्छन् त, यादवहरू हाबी छन् ?**

– कहाँ भएको छ ? मधेश, पहाड वा हिमालमा होस्, संघीय गणतन्त्र हुनुभन्दा अघि अवस्था के थियो ? ०४७ को संविधानले प्रतिनिधिसभामा कम्तीमा पाँच प्रतिशत महिलाको प्रतिनिधित्व हुने भनेको थियो, तर एक प्रतिशत महिला आउँथे। दलित त एकाध मात्रै आउँथे। यस्तै, केही मधेशी, केही जनजाति मात्रै आउँथे। आज स्थानीय, प्रदेशदेखि संघसम्म हेर्ने हो भने ३० प्रतिशतभन्दा बढी महिलाले राजनीतिक प्रतिनिधित्वका रूपमा अवसर पाएका छन्। ठुलो संख्यामा दलितले अवसर पाएका छन्। लोकसेवामा जति पनि कोटा छन्, त्यो मधेश आन्दोलनकै उपज हो। त्यसबाट केहीले मात्र फाइदा पाएका छन्, जो अपर्याप्त छ। त्यसलाई अझ बढाउन र बलियो बनाउन आवश्यक छ। यसैलाई समाप्त पार्न त जनताले स्विकार्दैनन्।

**० संविधानमा समाजवाद उन्मुख शब्द परेको छ, यस्तै सामाजिक न्यायको हक उल्लेख छ, यसलाई यहाँहरूले कसरी लिनुहुन्छ ?**

– हामी समाजवादी हौँ, सामाजिक न्याय हाम्रो आधारभूत सिद्धान्तमध्ये एउटा हो। हाम्रो पार्टीको आदर्श संघीयता, सुशासन, सामाजिक न्याय र समाजवाद नै हो। अधिकार र अवसरको समानतामा आधारित हुन्छ समाजवाद। विभेद र असमानताको अन्त्यमा आधारित हुन्छ, समाजवाद। विभेद र असमानतालाई अन्त्य नगरीकन सामाजिक न्याय कल्पनाको मात्रै हुन्छ। सामाजिक न्याय र स्वतन्त्रता भएन भने समाजवाद हुँदैन। संविधानमा समाजवाद उन्मुख लेखेर समाजवाद आउँदैन। समाजवाद उन्मुख लेख्ने अनि हाम्रो अर्थनीति कस्तो छ ? यसपालिको बजेट विकृत पुँजीवाद उन्मुख छ। सरकारको नीति तथा कार्यक्रम पनि विकृत पुँजीवाद उन्मुख नै आउँछन्। क्रोनी क्यापिटालिजमलाई बोकेर सोसियलिजम्तिरको यात्रा सम्भव छ ? यो देश जहाँ दलित, मधेशी, थारु, आदिवासी जनजाति, महिलाहरू लगायत विभेदमा छन्, यो विभेदलाई अन्त्य नगरीकन समाजवादको कुरा गर्न सकिँदैन। हाम्रो मुलुक गरिबी र बेरोजगारीले आक्रान्त छ, आफ्नै देशमा रोजीरोटी नपाएर ठुलो संख्यामा युवाहरू बिदेसिएका छन्। शिक्षा, स्वास्थ्यजस्ता आधारभूत कुरा राज्यले नागरिकलाई दिन सकेको छैन। त्यस्तो मुलुकमा समाजवाद उन्मुख कुरा गर्नु भनेको समाजवादको खिल्ली उडाउनु हो। *-रातोपाटी डटकमबाट साभार*

# नेपाली राहदानी किन यति कमजोर ?



**आदिल अली**

नेपाली राहदानी विश्वमा सबै भन्दा कमजोर मध्ये छैठौं । 'ह्यानले सूचकाङ्क' मा हाम्रो राहदानी कैयौं वर्षदेखि लगातार सबैभन्दा कमजोर राहदानीको लहरमा आउने गरेको छ । स्थिति यति सम्म खराब बनेको छ कि एशियाका पर्यटकीय गन्तव्यहरू इन्डोनेसियाको बाली, थाईल्याण्ड र मलेशियाले पनि नेपालीलाई 'अन अराइभल' भिषा दिन छोडेको धेरै वर्ष भयो ।

अन्तर्राष्ट्रिय समुदायमा कुनै पनि मुलुकको मान प्रतिष्ठा मापन गर्ने विभिन्न सूचक मध्ये राहदानी (पासपोर्ट) एउटा महत्वपूर्ण सूचक हो । आर्थिक, शैक्षिक लगायत अन्य प्रमुख सूचकहरूमा पछाडि परेको नेपाल राहदानीको मामिलामा अत्यन्तै कमजोर देखिएको छ ।

कमजोर नेपाली राहदानी :

गएको १५-२० वर्ष यता लगातार खस्कँदै गएको नेपालको राहदानीको स्थिति सन् २०२४ मा झन् कमजोर बनेको छ । विश्वभरका देशहरूको तुलनामा नेपाली राहदानीको हैसियत ९८ औं स्थानमा देखिएको छ । 'पासपोर्ट र्याभङ्किङ' को सूचीमा नेपाल सबै भन्दा कमजोर मध्ये, सूचीको तलबाट, छैठौं स्थानमा रहेको छ । दक्षिण एसियाली राष्ट्रहरूको सम्दर्भमा नेपाल पाकिस्तान र अफगानिस्तान पछि तेस्रो सबै भन्दा तल रहेको छ । दक्षिण एशियाका अन्य देश बंङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, श्रीलंकाका पासपोर्ट नेपालको भन्दा बलिया छन् ।

नागरिकले बोक्ने सामान्य राहदानीले विदेश यात्राका क्रममा पाउने प्रतिष्ठा र स्वतन्त्रताका आधारमा विश्वभरका देशहररूको 'पासपोर्ट र्याङ्किङ्ग' गर्ने 'ह्यानले पासपोर्ट सूचकाङ्क' का अनुसार सन् २०२४ मा भारतीय राहदानी ८० औं स्थानमा छ भने चीनको ६२ औं स्थानमा छ ।

हाम्रो छिमेकी भूटान ८७ औं स्थानमा छ भने माल्दिभ्स ५८ औं, श्रीलंका ९६ औं, र बङ्गलादेश ९८ औं स्थानमा छन् । दक्षिण एसियाका दुई सबैभन्दा कम र्याऔङ्किङ भएका देश, पाकिस्तान र अफगानिस्तानको राहदानी क्रमश: १०१ औं र १०४ औं स्थानमा छन् ।

ह्यानलेले हालै सार्वजनिक गरेको २०२४ को शक्तिशाली राहदानी सूची अनुसार, नेपाल अन्तिमबाट छैठौं स्थानमा छ र समग्रमा ९८ औं स्थानमा छ ।

'ह्यानले सूचकाङ्क' मा हाम्रो राहदानी कैयौं वर्षदेखि लगातार सबैभन्दा कमजोर राहदानीको लहरमा आउने गरेको छ । स्थिति यति सम्म खराब बनेको छ कि एशियाका पर्यटकीय गन्तव्यहरू इन्डोनेसियाको बाली, थाईल्याण्ड र मलेशियाले पनि नेपालीलाई 'अन अराइभल' भिषा दिन छोडेको धेरै वर्ष भयो ।

विगतमा, धेरै वटा एशियाली र यूरोपेली देशहरूले नेपाली नागरिकहरूलाई 'अन अराइभल' भिषा दिन्थे भने अहिले यो सुविधा दिने केही देश मात्र छन् । अर्थात् नेपाली नागरिकलाई सम्मान गर्ने देश र समाज संसारभर घट्दै गएका छन् !

नेपालमा रहेका विदेशी राजदूतावासहरू मध्ये केहीले मात्र काठमाडौंबाट भिषा जारी गर्छन् । कतिपय राजदूतावासले कन्सुलर सेवालाई नयाँ दिल्लीमा रहेको उनीहरूको दूतावासमा सारेर नेपाली नागरिकहरूलाई त्यहिँबाट भिषा जारी गर्छन् ।

सबै भन्दा कमजोर राहदानीको सूचीमा परेका अन्तिम १० देश मध्ये ८ वटा देश मुस्लिम राष्ट्र रहेको तथ्याङ्क ह्यानलेको प्रतिवेदनमा परेको छ । सूचीको अन्त्यमा अफगानिस्तान छ भने दोश्रो र तेश्रोमा क्रमश: सिरिया र इराक छन् । पाकिस्तान र यमन चौथो दर्जामा परेका छन् भने सोमालिया पाँचौं स्थानमा छ । नेपाल र लिबिया समान छैठौं स्थानमा रहेका छन् । बङ्गलादेश र प्यालेष्टिन सातौं स्थानमा छन् भने उत्तर कोरियाले आठौं हैसियत प्राप्त गरेको छ । इरिट्रियाले नौवौं स्थान पाएकोमा इरान र सुडानको स्थान दशौं छ ।

शक्तिशाली देशका बलिया राहदानी :

विश्वमा सबैभन्दा शक्तिशाली राहदानी फ्रान्स, जर्मनी, इटाली, जापान, सिंगापुर, र स्पेनका रहेछन् । यी सबै देश पहिलो स्थानमा छन् । यी देशका नागरिकले १९४ देशमा भिषा नलिइकन भ्रमणमा जान पाउँछन् । अर्को शब्दमा भन्ने हो भने यी राष्ट्रका नागरिक र पासपोर्टको प्रतिष्ठा यति उच्च छ कि त्यहाँका नागरिक विश्वका लगभग सबैजसो देशमा विना भिषा प्रवेश गर्न पाउँछन् !

सातौं स्थानमा रहेको संयुक्त राज्य अमेरिकाको राहदानीले १८८ देशमा अग्रिम भिसा प्राप्त नगरी प्रवेश पाउँछ । भारतको राहदानी ८० औं स्थानमा छ । भारतीय राहदानीवाहकले ६२ देशमा 'अन अराइभल' भिषा पाउँछन् । अर्थात् पहिले नै भिषा लिइरहनु पर्दैन । चीनको राहदानी ६२ औं स्थानमा छ चीनियाँ नागरिकले ८५ देशमा 'अन अराइभल भिषा पाउँछन् ।

'ह्यानले पासपोर्ट सूचकाङ्क' अन्तर्राष्ट्रिय हवाई यातायात संघबाट प्राप्त तथ्याङ्क तथा जानकारीमा आधारित छ । ह्यानलेको अनुसन्धान विभागले थप खोजी गरेर यो प्रतिवेदन तयार पारेको जनाएको छ ।

नेपाली पासपोर्ट सम्बन्धी यो नवीन जानकारी अधिकांश नेपाली नागरिकका लागि स्वभाविक जस्तो लाग्न सक्छ । विगत् दुई दशकदेखि खस्कँदो हैसियतको हाम्रो राहदानीका कारण विदेश जाँदा नेपालीहरूले अनेक अपमान सहनु परेका समाचार आउने गरेका छन् । र, विश्व सम्बन्धका हिसाबले हेर्दा नेपाली अपमानजनक अवस्थामा छन् ।

नेपाली राहदानी किन कमजोर ?

नेपालको राहदानी किन यति कमजोर भयो ? विशेषज्ञहरूले अनेक पक्ष र कारणले गर्दा हाम्रो राहदानी कमजोर बन्दै गएको, राष्ट्रको प्रतिष्ठामा आँच आएको र नेपाली नागरिकले विदेश भ्रमण गर्दा अपमान सहनु परेको बताउने गरेका छन् ।

सीमित 'अन अराइभल' भिषा : नेपाली राहदानीले ३८ देशमा मात्र भिषारहित वा अन अराइभल भिषा पाउने गरेको छ । यो भनेको जापान र सिंगापुर जस्ता देशहरूको राहदानीको तुलनामा अत्यन्तै कम । भारत, चीन, श्रीलङ्का भन्दा पनि थोरै । यस्तो प्रतिबन्धित यात्राका कारण नेपाली नागरिकको पर्यटन, शिक्षा, र रोजगारीको अवसरहरूमा नकारात्मक असर गर्ने गरेको छ ।

राजनीतिक र आर्थिक कारण : अस्थिर राजनीति, छोटो अवधिमा सरकार परिवर्तन, र आर्थिक कमजोरी समेतले नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठामा आघात पुर्याएका छन् । त्यसैले कतिपय देश नेपाललाई भिसारहित यात्राको सुविधा दिन चाहँदैनन् ।

सुरक्षा सम्बन्धी चासो : राजनीतिक परिवर्तन, हिँसा, अपराधको वढ्दो क्रम जस्ता कारणले नेपाल प्रति सुरक्षा चासो वृद्धि हुँदै गएको देखिएको छ ।

कूटनीतिक प्रभावको अभाव : विश्व समुदायमा नेपालको कूटनीतिक प्रभाव अत्यन्तै न्यून बनेकाले पनि हाम्रो प्रतिष्ठामा प्रतिकूल प्रभाव परेको छ । स्मरणीय छ, दुई-तीन दशक अघि यो सानो, भू-परिवेष्ठित राष्ट्रको प्रतिष्ठा अन्तर्राष्ट्रिय मञ्चमा निक्कै माथि थियो ।

भिषा नियम उल्लङ्घन : विदेश भ्रमणमा जाँदा कतिपय नेपाली नागरिक र पदाधिकारीले भिषाका नियम उल्लङ्घन गर्ने गरेका समाचारहरू आउने गरेका छन् । यसले पनि हाम्रो विश्वसनीयतामा असर पुर्यानएको छ ।

राहदानीको दुरुपयोग, भिसा ओभरस्टे, शरण खोज्ने बहानामा बस्न खोज्ने, अवैध आप्रवासन, र जाली कागजातहरूको बढ्दो प्रयोग ।

विगत् केही वर्ष यता नेपाली राहदानीको प्रतिष्ठा उल्लेखनीय रूपमा घटेको छ । विश्वव्यापी रूपमा, नेपालको राहदानी अन्तिमबाट छैठौं स्थानमा छ । यो स्थितिमा सुधार गरी नेपालको प्रतिष्ठा विश्व समुदाय सामू उच्च पार्न सरकारले तत्काल आवश्यक कदम चाल्नु जरूरी छ ।

*(आदिल अली रूपनगर नन्दराज संग्रौला क्याम्पसमा बिबिएस पहिलो वर्षका विद्यार्थी हुन् ।)*

*साभार : रूपनगर क्याम्पस फिचर सेवा ।*

## मधेश अपडेट

### राजदूत नियुक्तिप्रति तमलोपाको विरोध

जनकपुरधाम । नेपाल सरकारले विभिन्न १८ देशमा गरेको राजदूत सिफारिसप्रति तराई-मधेश लोकतान्त्रिक पार्टीले विरोध जनाएको छ । सोमबार बसेको मन्त्रिपरिषद बैठकबाट भएको भारत, अमेरिका, बेलायत, चीन, अष्ट्रेलिया लगायत १८ देशमा नयाँ राजदूत नियुक्तिमा समावेशिताको संवैधानिक प्रावधानको पालना नगरिएकोमा तमलोपाले विरोध जनाएको हो । तराई-मधेश लोकतान्त्रिक पार्टीको प्रचार विभाग प्रमुख उमेश कुमार मण्डलले नेपाल सरकारबाट यस्ता कुराहरुमा संवैधानिक व्यवस्थाको उल्लंघन भइरहेको र संघीय संसदमा प्रतिनिधित्व गरिरहेका संघीयतावादी भनिने राजनीतिक दलहरु सत्ता र कुर्सीको निमित्त यस्ता उल्लंघनकै समर्थन गर्दै तैंचुप मैंचुप गरिरहेकोमा क्षोभ प्रकट गरेका छन् । तमलोपाको नेता उमेश मण्डलले नेपालमा बनिरहेका गठबन्धनीय सरकारहरु समावेशिताका संवैधानिक प्रावधानहरुको उल्लंघन गरेर सिमान्तिकरणलाई अझै बढाइरहेको आरोप समेत लगाएका छन् ।

### प्रदूषित गर्ने तीन उद्योगको मुख्यद्वारमा फोहोर थुपारियो

वीरगन्ज । वीरगन्ज महानगरपालिकाले सिर्सिया नदी प्रदूषित गर्ने तीन उद्योगलाई कारबाहीस्वरुप ती उद्योगको मुख्यद्वारमा फोहरमैला थुपारिदिएको छ । नगर प्रहरीसहित सरसफाइको टोलीले ट्र्याक्टरमा फोहरमैला राखेर परवानीपुरस्थित अर्निका प्रोसेसिङ उद्योग, श्रीसिद्धि टेक्सटाइल्स र मोरियम लेदर इण्डस्ट्रिज प्रालीको मुख्यद्वार प्राङ्गणमा फोहोर थुपारिदिएको हो । वीरगञ्ज महानगरका नगरप्रहरी प्रमुख हरि भुसालले ती उद्योगको परिसरमा प्रतिकात्मक कारबाहीस्वरुप आइतबार फोहरमैला खसाली दिएको बताए । महानगरले यसअघि सिर्सिया नदीमा फोहरमैला नफ्याँक्न बारम्बार अनुरोध गर्दै आइरहे पनि उद्योगी व्यवसायीले आलटाल गर्दै आएका थिए । महानगरले गत वैशाख ९ गते नदीमा फोहरमैला गर्ने उद्योगलाई १५ दिनभित्रै फोहरमैला व्यवस्थित नगरे कारबाही गर्ने चेतावनी समेत दिएको थियो । तर उद्योगले फोहरमैला व्यवस्थित गर्न आलटाल गर्दै आएका थिए ।

### लालपुर्जा वितरण

रुपन्देही । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले वर्षौंदेखि बसोबास गरिरहेका तर लालपुर्जा प्राप्त गर्नबाट बञ्चित भएका रुपन्देहीका ५५३ जना स्थानीय बासीलाई लालपुर्जा वितरण गरेका छन् । मन्त्री अधिकारीले सोमवार रुपन्देहीको सियारी गाउँपालिकाको ४ वडामा रहेका १९ वटा गाउँ ब्लकहरूको नापी नक्सा पूरा भएका ५५३ वटा लालपुर्जा वितरण गरेका हुन् । लालपुर्जा पाएपछि ज्येष्ठ नागरिक, अपाङ्ग र एकल महिलाहरू अत्यन्त खुसी भएका छन् । वर्षौंदेखि जग्गाधनी प्रमाण पुर्जा नहुँदा परेको पीडाबाट मुक्ति पाएको लालपुर्जा प्राप्त गरेपछि स्थानीयले बताएका छन् । त्यस अवसरमा मन्त्री अधिकारीले भूमि आयोग गठनको अन्तिम तयारीमा रहेको बताउँदै भूमिहीनको समस्या स्थायी रुपमा समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे । सरकारले पाँच लाख भूमिहीन सुकुम्वासीलाई लालपुर्जा वितरण गर्ने तयारी गरेको उहाँले जानकारी दिए । गाउँपालिकाका अध्यक्ष थानेश्वर घिमिरेले लामो समयदेखि पालिकामा समस्याका रुपमा रहेको स्थानीयले पुर्जा पाएपछि धेरै सहज भएको बताए ।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं ।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**

महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं ।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**बलान बिहुल गाउँपालिका**

सप्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं ।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**देवानगन्ज गाउँपालिका**

सप्तरी, मधेश प्रदेश

# सप्तरीका...

खण्डकाव्य र महाकाव्यको प्राप्तिले कवि उदयानन्दलाई एउटा सशक्त कविका रूपमा स्थापित गरेको छ । 'पुरानुबातको अर्जी'मा पृथ्वीनारायण शाहदेखि रणबहादुर शाहसम्म तीन पुस्ताको वीर गाथा गाएका छन् । यिनले कवितामा प्रताप सिंहको पालामा भएको कविलासपुर युद्धका साथै बहादुर शाहको नायवीमा भएको बाइसी-चौबीसी युद्धको वर्णन गरेका छन् । कविले श्री ५ पृथ्वीबहादुर शाह, प्रताप सिंहको सुशासक छविलाई सामुन्ने ल्याउने प्रयास गरेका छन् । जसमा यी तीनै राजाको वीरताको वर्णन गरेका छन् । खोज-अनुसन्धानबाट उदयानन्दले रचना गरेका थुप्रै काव्य कृतिहरू फेला परेका छन् । तीमध्ये महत्वपूर्ण कृतिहरूमा 'पुरानुबातको अर्जी, 'पृथ्वीन्द्रोदय, 'बेताल पचीसी', वंश वृत्तान्त, 'दु:स्वप्न दोषहरस्तोत्र' रहेका छन् ।

यसरी उदयानन्द अर्यालको कवि व्यक्तित्वलाई अध्ययन गर्दा उनी राष्ट्रियता र वीरताप्रति आस्था राख्ने कवि थिए । उनले तत्कालीन राजनीतिक, आर्थिक र सामाजिक विषयका साथै एकीकरण अभियानको चित्रण यथार्थ स्पष्ट रूपमा गरेका छन्। उनले प्रस्तुत गरेका तत्कालीन युग चेतना र सामाजिक चेतनाको अभिव्यक्ति उनका रचनामा प्रष्ट भेटिन्छ । उनले कवितामा तत्कालीन न्याय व्यवस्थालाई झल्काएका छन् । उनले पौराणिक राजाहरूको न्याय व्यवस्थालाई आदर्श मानेका थिए । घर-घरका झगडाका कुरा, कुरा काटेर हिँड्ने, खराब प्रवृत्ति, अरूको कुभलो गर्ने खराब मन आदि प्रवृत्ति कवितामा उल्लेख गरेर समाजका सुक्ष्मतम पक्षको पनि चित्रण गरेका छन्। उनी संस्कृत र नेपाली भाषाका ज्ञाता पण्डित एवं ज्योतिष पनि थिए । उनी वीरधाराका एक अग्रीम एव सर्वश्रेष्ठ कवि हुन् ।

पुरानुबातको अर्जीमा राजा पृथ्वीनारायण शाहद्वारा गरिएका विवाह, काशी यात्रा, वितदान, मकवानपुरसँगको पत्राचार, नुवाकोट विजय, मकवानपुरसँगको युद्ध, ससुरा हेमकर्णको काशीबास मुस्लिम बादशाह र अंग्रेज हुकुमतको उत्कर्षको वर्णन गर्नुका साथै भक्तपुर आगमन, हिन्दु स्थानको खबर, गोरखाका न्याय प्रियता, पाटनको वस्तुस्थिति, कान्तिपुरको वस्तुस्थिति, तीन सहरको अवस्था इत्यादि छन् । पृथ्वीनारायण शाहको सेनाले इस्ट इन्डिया कम्पनी तथा बंगालमा शासन गर्ने नबाबमिर कासिमसितको युद्धको राम्ररी वर्णन गरिएको छ । पृथ्वीनारायण शाहको कीर्तिपुरको दहचोक, बालाजु मसाई, उपत्यका माथि घेराबन्दी गर्ने क्रममा कूटनीतिक सफलता जस्ता कुराको चित्रण पनि गरिएको छ । महाकाव्यमा नेपाली भाषाका साथै अरबी, फारसी, हिन्दी, नेवारी र संस्कृत भाषाको समेत प्रयोग भएको देखिन्छ । तलको पद्यमा हिन्दी, फारसी, अरबी र नेपाली मिश्रित छ-

बाहाखातिर फलिसेर करके आया फउज गाफिली,
मादाहो रहि जफतहोगइ गरम ज्यादा त हावा पाडी
पाहा (म) देछ कि मालुमीबनी बड़े छोडो मकानपुर भली
जाबो फेर होगि भनियो लेख्यो जवान बिच पढी

संस्कृत पद्य– "हा कष्ट ललिता लवकलतिका दावाग्निनादह्यते" ।

उदयानन्द अर्यालले नेपाली साहित्यमा पहिलो पटक महाकाव्यको रचना गरेकाले महाकविको सम्मान पाउनु उचित छ । उनको कृतिहरूमा वंश वृत्तान्त, पुरानुबातको अर्जी, बेताल पच्चीसी (खण्डकाव्य), पृथ्वीन्द्रोदय ( महाकाव्य), सोमेश्वर विजय वर्णन, कुल वर्णनका साथै फुटकर कविता पनि छन् । पृथ्वीन्द्रोदय महाकाव्यमा पृथ्वीनारायण शाहले टुक्रा टुक्रा भएको नेपाललाई एकीकरण गरी विशाल राष्ट्र निर्माण गर्ने प्रयास तथा राष्ट्रभित्र शान्ति सुव्यवस्था कायम गरी जनतालाई सुखसुविधा दिने कुरालाई यस महाकाव्यमा वर्णन गरिएको छ । यो महाकाव्य शृङ्गार रस, हास्यरस, करुण रस, रौद्र रस, वीर रस, भयानक रस, बीभत्स रस, अद्‌भूत रस र शान्त रसले भरिएको छ ।

इतिहासमा उल्लेख भएअनुसार नारायण दास अर्याल गोसाईंकुण्डको दर्शन गर्ने उद्देश्यले यात्रा गर्ने क्रममा लमजुङ आइपुगे । त्यहाँ लमजुङ राजाका पण्डित गणेश पाण्डेसँग सम्पर्क भएपछि तिनीहरूबिच आपसी सल्लाह भई त्यहाँका राजा यशोब्रह्म शाहका कान्छा छोरा राजकुमार द्रव्य शाहलाई गोरखाल्याई राजगद्दीमा बसाले । त्यसपछि तीन सय वर्षसम्म अर्यालहरूले गोरखा दरबारमा राजपुरोहितका काम गरे । यस अर्याल वंशमा धेरै विद्वान् ज्योतिषी र कविहरू पैदा भए । त्यही क्रममा गोरखा दरबारका भलो गर्ने छ थरहरूमा एक घर अर्ज्याल अर्यालहरू थिए ।

कवि उदयानन्द अर्यालले 'कुल वर्णन' मा आफ्ना वंश र आफ्नो परिचय दिएका छन् । तर त्यसमा पनि जन्म मितिबारे उल्लेख गरेका छैनन् । गोरखाका राजा पृथ्वीनारायण शाहले वीरेश्वर अर्ज्याललाई पूर्वी क्षेत्रको चौदण्डी राज्यको स्थिति बुझ्न पठाएका थिए । उक्त घटना सन् १७७२-७३ भन्दा अघिको थियो । त्यही साल पृथ्वीनारायण शाहका सेनापति रामकृष्ण कुँवरको नेतृत्वमा चौदण्डी (उदयपुर) र सप्तरी विजय गरिएको थियो । यसरी वीरेश्वर अर्याल चौदण्डीमा पृथ्वीनारायण शाहले विजयी गर्नु भन्दा केही वर्ष अघि नै आएर बसेका थिए । उनी साधुको भेषमा आएर चौदण्डीका राजा मुकुन्द सेनले आश्रय दिएका थिए । साधुको ज्योतिष ज्ञानबाट प्रभावित भएर राजा मुकुन्द सेन (द्वितीय) ले आफ्नो राज्यको अधीन पर्ने सप्तरी जिल्लाको बैरवा गाउँमा ९१७ बिघा, हथिनामा १० बिघा गरी जम्मा ९२७ बिघा जग्गा बिर्ता दिएका थिए । त्यसपछि वीरेश्वर अर्याल बैरवामा घर बनाई बसोबास गर्न थालेका थिए । त्यही वि.सं. १८१२ मा (सन् १७५५ ई.) मा उदयानन्द अर्यालको जन्म भयो । यसरी सन् १७७२ ई. मा चौदण्डी (उदयपुर) पृथ्वी नारायण शाहले विजय गरेको तीन वर्षपछि उदयानन्द अर्यालको जन्म भएको देखिन्छ । यसबाट प्रष्ट देखिन्छ कि महाकविजीको जन्म सप्तरीको बैरवामा भएको थियो । नेपालकै आदि महाकवि उदयानन्द अर्यालको जन्मभूमि सप्तरी सप्तरी भएकोमा सप्तरीवासी गौरवान्वित छन् ।

'कुल वर्णन' का अनुसार धवलु अर्ज्यालका छोरा जयभद्र र जयभद्रका छोरा परशुराम तथा उनका माहिला छोरा धरणीधर भए । धरणीधरका भाइ इन्द्रमणि भए । इन्द्रमणिका छोरा वीरेश्वर भए । वीरेश्वरका छोरा विशेश्वर र उनका छोरा महाकवि उदयानन्द अर्ज्याल भए । वंशावली अनुसार अर्यालहरूमा धवलु अर्ज्याल, जयभद्र अर्ज्याल, वाचस्पति अर्ज्याल, सत्यघर अर्ज्याल, शारडघर अर्ज्याल चक्रमणि अर्ज्याल, वैयाकरण केशरी अर्ज्याल, न्यायकेसरी अर्ज्याल, दैवज्ञकेशरी अर्ज्याल, लक्ष्मीनारायण अर्ज्याल, शक्ति बल्लभ अर्ज्याल, राधा बल्लभ अर्ज्याल, ललिता बल्लभ अर्ज्याल र मोक्षेश्वर अर्ज्याललाई अर्ज्याल परम्पराका विशिष्ट विद्वान् भनी गणना गरिन्छ ।

महाकवि उदयानन्द अर्याल संस्कृत भाषाका विद्वान् थिए । नेपाली साहित्यका शिरोमणि थिए । अनेकानेक भाषाका ज्ञाता थिए । ज्योतिष थिए, अमिन थिए । उनी तत्कालीन जैसी कोठा (हालको परराष्ट्र मन्त्रालय) मा जागिर खाएकाले परराष्ट्र मामिलाका जानिफकार थिए । धार्मिक तथा आध्यात्मिक पुरुष थिए । सप्तरी जिल्लाको प्रसिद्ध शक्तिपीठ कंकालिनी मन्दिरको संस्थापक थिए । माटोमुनि भगवतीको प्रतिमा रहेको स्वप्न पाएर उनले उत्खनन गर्दा प्रतिमा भेटी प्रतिमा भेटेकै स्थानमा मन्दिर निर्माण गरी देवीलाई स्थापित गरेका थिए । उनले आफ्नै गाउँ बैरवामा पनि लक्ष्मीनारायणको मन्दिर निर्माण गरी मन्दिरको स्थायी व्यवस्थाका लागि जग्गा दिई गुठी स्थापना गरे । कवि अर्याल साहित्य जगतका आधार स्तम्भ हुन् । यद्यपि उनी नेपाली कविताका प्रथम रचनाकार होइनन् तर उनको काव्य रचना र विशिष्ठ प्रतिभा र व्यक्तित्वका कारणले उनलाई नेपाली साहित्य जगतले शिखर सम्मान दिनु अपरिहार्य छ । नेपाल सरकारले कवि उदयानन्द अर्यालको तस्विर अंकित हुलाक टिकट प्रकाशन गरेको छ । त्यतिमात्र पर्याप्त होइन । अरु पनि केही गर्न आवश्यक छ ।

*(लेखक निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन सप्तरीका अध्यक्ष हुनुहुन्छ ।)*

## संक्षिप्त समाचार

### नेजपाद्वारा खुल्ला रक्तदान

वीरगंज । वीरगंजमा रगतको अभाव भएको कारण रक्तदान जीवन दान भन्ने मूल नाराको साथ नेपाल जनता पार्टी पर्सा जिल्ला समितिले खुल्ला रक्तदान कार्यक्रम गरेको छ । वीरगंजको घन्टाघरमा शनिबार आयोजित खुल्ला रक्तदान कार्यक्रममा ५५ जनाले रक्तदान गरेका थिए । रक्तदान गर्नेहरुमा संतोषानन्द महाराज, अनिल कुर्मी, नबीन मिश्रा, आनन्द सिंह कुर्मी, संतोष कुशवाहा, प्रमोद शर्मा, अनिल मेहता, हरेन्द्र चौधरी, पुरषोत्तम गिरी, अलोक साह, रिमी कर्ण, सुदामा देवी, ममता चौरसिया, रेणुका यादव, पुजा यादव, श्रीकांती गिरी सहित ५५ जनाले रक्तदान गरेका थिए । पर्सा जिल्ला अध्यक्ष अनिल कुर्मीको सभापतित्वमा सम्पन्न कार्यक्रममा विभिन्न संघ-संस्थाका प्रतिनिधि सहभागी रहेका थिए ।

### सुतिरहेकै अवस्थामा युवकको घाँटी रेटी हत्या

नवलपरासी । पश्चिम् नवलपरासीमा धारिलो हतियार प्रयोग गरी २० वर्षीय युवकको हत्या भएको छ । पाल्हिनन्दन गाउँपालिका ५ हर्दी बस्ने रोशन भनिने सुर्य कुमार बढई घरमै सुतिरहेको अवस्थामा आईतवार राती घाँटि काटी हत्या भएको प्रहरीले जनाएको छ । घाँटी काटिएको मृत अवस्थामा देखेपछि प्रहरीलाई खबर गरिएको थियो। घटनाका बारेमा प्रारम्भिक अनुसन्धान पछि शवलाई पृथ्वीचन्द्र अस्पतालमा राखिएको र यस बिषयमा थप अनुसन्धान भैरहेको जनाइएको छ ।

### अवैध लागूऔषधसहित दुई जना पक्राउ

बाँके । खजुरा गाउँपालिका-३ पेलाडी नालाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम सहित २ जनालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा खजुरा गाउँपालिका-३ बि गाउँ बस्ने १९ वर्षीय हर्षित पाडे मगर र सोही गाउँपालिका-३ खजुरा बस्ने ३६ वर्षीय याम बहादुर राना मगर रहेका छन् । इलाका प्रहरी कार्यालय धनौलीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

### करेन्ट लागेर किशोरको मृत्यु

सप्तरी । बोदेबर्साईन नगरपालिका-३ गौरा बस्ने जयनारायण यादवको छोरा १५ वर्षीय आदित्य कुमार यादवको करेन्ट लागेर शुक्रबार दिउँसो मृत्यु भएको छ । सोही ठाउँस्थित खेतमा विद्युतीय मोटरको तार जोड्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको लाईफ केयर अस्पताल बोदेबर्साईन हुँदै छिन्नमस्ता अस्पताल राजविराजमा थप उपचारको क्रममा मृत्यु भएको हो ।

### करेन्ट लागेर बालकको मृत्यु

रौतहट । माधवनारायण नगरपालिका-३ सखुअवा बस्ने कृष्ण यादवको छोरा २ वर्ष ६ महिनाको डंका यादवको करेन्ट लागेर आइतबार मृत्यु भएको छ । आफ्नै घरमा पंखा चलाउनको लागि जोडिएको नाङगो तारमा छुन गई करेन्ट लागेर गम्भीर घाइते भएका उनको शिवदर्शन अस्पताल सुकदेवचोकमा उपचारको क्रममा मृत्यु भएको हो ।

## राजदुत नियुक्ति नेताको नाता कुटुम्ब र आसेपासेलाई भर्ती केन्द्र भयो : आजपा




काठमाडौं । आम जनता पार्टी (आजपा)ले मन्त्रिपरिषद बैठकबाट बिभिन्न देशका लागि गरिएको राजदुत नियुक्तिको सिफारिस संविधानको मुलमर्म र भावना विपरित असमावेशी भएको भन्दै त्यसलाई सच्याउन माग गरेको छ ।

आजपा उपमहासचिव एवं प्रवक्ता चन्द्रभुषण साहले कुटनीतिक मर्यादाको धज्जी उडाउँदै संविधानको मुलमर्म र भावना विपरित असमावेशी रुपमा मन्त्रिपरिषदले राजदुत सिफारिस गरेको आरोप लगाए ।

बिषयगत विज्ञता र क्षमताभन्दा पनि नेताहरुहरुले आफ्नो नाता कुटुम्ब र आसेपासेलाई भर्ती केन्द्रको रुपमा गरिएको राजदुत सिफारिस प्रति असन्तुष्टि जनाउँदे आजपाले भर्तस्ना एवं विरोध गरेको छ ।

'साउन १४ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकबाट भारत सहित विभिन्न १९ देशका लागि गरिएको राजदूत सिफारिसमा कुटनीतिक मर्यादाको धज्जी उडाउदै नेपालको संविधानको मुलमर्म र भावना विपरीत असमावेशी तथा कूटनीतिक क्षेत्रको अनुभव, विषयगत विज्ञता र क्षमताभन्दा पनि नेताज्यूहरुले आफ्नो नाता कुटुम्ब र आसेपासेलाई भर्ती गरेको निन्दनीय, दु:खद एवं आपत्तिजनक घटनाको घोर भर्तस्ना एवं विरोध गर्दै यस निर्णयलाई यथाशीघ्र संविधानको सम्मान तथा देश र जनताको सर्वोपरि हित अनुकूल हुनेगरी सच्याउनको लागि नेपाल सरकारसँग जोडदार माग गर्दछु' आजपा प्रवक्ता साहले जारी गरेको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

सरकारले राजदूत र प्रदेश प्रमुख नियुक्त गर्दा दलित, मधेसी, थारु, मुस्लिम, सिमान्तकृत र पिछडिएको क्षेत्रबाट नगर्नु दु:खद् तथा समावेशी सिद्धान्तलाई पालना नगरी संविधान मिच्ने काम भएको ठहर आजपाको छ । विभिन्न कारण पछाडी पारिएका समुदायलाई अझै पनि गणतन्त्रमा समेत कुनै अवसर नदिई संविधानको भावना विपरित सरकारले काम गर्नु भनेको सरकारको नियत सहि नभएको बुझिन्छ ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका
सर्लाही, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

गौर नगरपालिका
रौतहट, मधेश प्रदेश

# उपप्रमुख डंगोलसँग चीनको सिपिपिसिसीका प्रादेशिक उपाध्यक्षको भेट



काठमाडौँ । काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलसँग चीनको पिपुल्स पोलिटिकल कन्सल्टेटिभ कन्फरेन्स (सिपिपिसिसी) हुवेइका उपाध्यक्ष याङ् युहुन नेतृत्वको प्रतिनिधि मण्डलले शिष्टाचार भेट गरेको छ । सोमबार भएको भेटका क्रममा आपसी सहकार्य सम्भावनाका क्षेत्रका विषयमा कुराकानी भएको थियो ।

कुराकानीका क्रममा उपप्रमुख डंगोलले आपसी सहकार्यका क्षेत्र धेरै देखिएको बताउँदै कुनै एक क्षेत्रबाट सहकार्य थालनी गरेर दिगो बनाउँदै लैजानु पर्ने बताएकी छन् ।

सिपिपिसिसीका उपाध्यक्ष युहुनले, भगिनी सम्बन्ध स्थापना, शैक्षिक सुधार, व्यापारिक तथा वाणिज्य सम्बन्ध आपसी कार्यक्रम हुने बताएपछि उपप्रमुख डंगोलले यस्तो धारणा राखेकी थिइन् ।

'५० वर्गकिलोमिटर क्षेत्रभित्र विश्व सम्पदा क्षेत्रमा सूचीकृत ४ वटा स्थल हुनु, यी हरेक स्थलहरु पैदल दुरीमा हुनु काठमाडौँको सांस्कृतिक पहिचान हो ।' उपप्रमुखले भनिन्, 'सामुदायिक शिक्षामा हामीले संघ सरकारको भन्दा धेरै लगानी गरेका छौँ । स्थानीय उत्पादन प्रवर्धन गर्न पेय पदार्थ 'ऐला ब्राण्डिङ्' गर्दैछौँ । महिला क्षमता विकासका लागि 'एक वडा एक उद्यम कार्यक्रम' चलाएका छौँ । हस्तकलाका सामान उत्पादनलाई प्रोत्साहित गरेका छौँ । यी क्षेत्रको विकास, प्रवर्धन र व्यवस्थापनमा आपसी ज्ञान, सिप र क्षमताका लागि सहकार्य गर्न हामी सकारात्मक छौँ ।'

त्यस क्रममा उपाध्यक्ष युहुनले काठमाडौँ महानगरपालिकासँग चीनको मध्य क्षेत्रबाट हुवेइ नगरको भगिनी सम्बन्ध स्थापना गर्न इच्छुक रहेको बताइन् ।

'चीनका ७ वटा सहरसँग महानगरपालिकाको भगिनी सम्बन्ध छ । मध्य क्षेत्रसँग बाँकी छ ।' उनले भनिन्, 'हामी औपचारिक सम्बन्धबाट हाम्रा असल अभ्यासहरु बाँड्न चाहन्छौँ ।'

त्यस क्रममा विद्यार्थी र शिक्षक आदानप्रदान गरेर आपसी शैक्षिक सुधारमा क्षमता र सिकाइ विकास गर्ने, व्यापारिक तथा वाणिज्य मेलामा आपसी सहभागिता जनाउने विषयमा छलफल भएको थियो ।

भेटका क्रममा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियार, विभागीय प्रमुखहरु, सहरी योजना आयोगका सदस्य, उपप्रमुख र अन्तरराष्ट्रिय सम्बन्ध सचिवालयका प्रमुखसहित अधिकारीहरु सहभागी थिए ।

हुवेइको प्रान्तीय राजधानी वुहान हो । यो यातायातसँगै मध्य चीनको राजनीतिक, सांस्कृतिक र व्यापारिक स्थलका रुपमा परिचित छ ।

# काठमाडौं महानगरमा चिनियाँ चासो

काठमाडौं । उत्तरी छिमेकी चीनले संघीय नेपालको राजधानी समेत रहेको काठमाडौं महानगरपालिकामा आफ्नो प्रभुत्व जमाउन खोजेको बुझिएको छ । चीनको पिपुल्स पोलिटिकल कन्सल्टेटिभ कन्फरेन्स (सिपिपिसिसी) हुवेइका उपाध्यक्ष याङ् युहुन नेतृत्वको प्रतिनिधि मण्डलले काठमाडौं महानगरमा आफ्नो प्रभाव बढाउन चासो राखेको हो ।

सिपिपिसिसीको प्रतिनिधिमण्डल नेपाल भ्रमणको क्रममा महानगरकी उपप्रमुख सुनिता डंगोललगायत पदाधिकारीहरुसँग सोमबार भेटवार्ता गरेको थियो । औपचारिक भेटमा सिपिपिसिसीका प्रतिनिधिमण्डलले भगिनी सम्बन्ध स्थापना, शैक्षिक सुधार, व्यापारिक तथा वाणिज्य सम्बन्ध आपसी कार्यक्रमबारे प्रस्ताव गरेको थियो ।

यता, चिनियाँ टोलीले अनौपचारिक रुपमा रात्रिभोजको आयोजना गरी काठमाडौं महानगरमा आफ्नो प्रभाव जमाउन विभिन्न प्रलोभन देखाएको स्रोतले बताएको छ । स्रोतका अनुसार चिनियाँ टोलीले नेपालका विभिन्न उच्च निकायसँग समेत कुराकानी भइरहेकोले काठमाडौं महानगरले सहकार्य गर्नुपर्ने प्रस्ताव गरेको छ । नेपालको राजधानीलाई आफू अनुकूल प्रयोग गर्न महानगरसँग सम्पर्क बढाउन खोजेको स्रोतले बतायो । सो अनौपचारिक रात्रीभोजमा काठमाडौं महानगरका प्रतिनिधिलाई चीन भ्रमणका लागिसमेत प्रस्ताव गरेको थियो ।

केही समय यता नेपालमा चिनियाँ कुटनीतिज्ञहरुको दौडधुप अलि बढी नै सक्रिय भएको देखिन्छ । चीनको बीआरआई परियोजना लागू गराउन चिनियाँ टोली अहिले निकै सक्रिय भएको बेला महानगरसँग सम्बन्ध विस्तार गर्न लागिएको छ ।

यता, चिनियाँ परियोजना बीआरआई नेपाललाई ऋणजालमा फँसाउने षड्यन्त्र रहेको भन्दै व्यापक विरोध भइरहेको छ । चीनले बीआरआई ऋणजालमा नेपाललाई डुबाउन लागेको भन्ने जनगुनासो छ ।

## आर्थिक समाचार

# नेपाल लाइफका मलंगवा शाखा म्यानेजर सम्मानित



सर्लाही । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड मलंगवा शाखाका एजेन्सी म्यानेजर कामोद झा 'सम्राट' पदकबाट सम्मानित भएका छन् ।

सर्लाहीको सदरमुकाम मलंगवा स्थित रहेको यस शाखाले बढी प्रिमियम दिएको भन्दै कम्पनीको केन्द्रीय कार्यालयले उनलाई सो पदकबाट सम्मानित गरेको हो।

कम्पनीको केन्द्रीय कार्यालयले यही साउन ११ गतेदेखि साउन १३ गतेसम्म रुपन्देहीको भैरहवामा आयोजना गरेको लिडरसिप इस्क च्यालेन्ज २०२४ कार्यक्रममा कम्पनीका सिइओ प्रविण रमण पराजुलीले मलंगवा शाखाका एजेन्सी म्यानेजर झालाई सम्मानित गरेको जनाइएको छ।

यस किसिमको पदक प्राप्त गर्ने व्यक्तिहरुमा सर्लाही निवासी झा पहिलो व्यक्ति रहेको र उहाँ बिमाको क्षेत्रमा विगत १५ वर्षदेखि कार्य गर्दै आइरहनु भएको मलंगवा शाखाले जनाएको छ।

# एकै दिनमा बाग्लुङमा प्रभु बैंकको ४ वटा शाखा विस्तार

काठमाडौं । प्रभु बैंक लिमिटेडले आफ्नो शाखा सञ्जाल विस्तार गर्ने क्रममा सोमबारदेखि बाग्लुङ जिल्लाको ढोरपाटन नगरपालिका वडा नं. ७, **बोवाङ**, निसीखोला गाउँपालिका वडा नं. ५, **निसी**, वडिगाड गाउँपालिका वडा नं २, **खरबाङ** र वडिगाड गाउँपालिका वडा नं. ७, **भिमगिठे** बाग्लुङमा४ वटा शाखा खोली बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ । उक्त शाखाहरुको उद्घाटन बैंकका संस्थापक अध्यक्षमा ननियश्री देवीप्रकाश भट्टचनबाट गरिएको छ । प्रभु बैंकले आफ्नो बैंकको व्यावसायिक सञ्जाल विस्तार गर्दै विभिन्न ठाउँहरुमा आफ्नो शाखा कार्यालय सञ्चालनमा ल्याएर सर्वसाधारणको घर आँगनसम्म सरल र सहज रुपमा बैंकिङ्ग सेवा विस्तार गरेको छ । प्रभु बैंकको यस अभियानले देशभरि नै बैंकिङ्ग पहुँचमा वृद्धि भएको मात्र नभई समग्र देशको आर्थिक विकासमा सकारात्मक टेवा पुगेको छ । बैंकको **बोवाङ** शाखा, **निसी** शाखा, **भिमगिठे** शाखा र **खरबाङ** शाखामार्फत स्थानीय बासिन्दा, सर्वसाधारणहरु, व्यवसायिक फर्म, कम्पनी तथा संघ संस्थाहरुले आधुनिक बेंकिङ सेवा उपभोग गरी लाभान्वित हुने र यस क्षेत्रको समग्र आर्थिक उन्नतीमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने बैंकले विश्वास लिएको छ । त्यसैगरी, ग्राहकहरुको रोजाईको अग्रणी बैंकको रुपमा रहेको तथा हालसालै "बैंक अफ द इयर २०२३" को उपाधिबाट सम्मानित प्रभु बैंकका नेपालभर ३१३ शाखा कार्यालयहरु, २८६ एटीएम साथै ६९ एक्सटेन्सन काउन्टर मार्फत करिब ३१ लाखभन्दा बढि ग्राहकहरुलाई बैंकिङ एवं वित्तीय सेवा प्रवाह गरिरहेको प्रभु बैंकले अत्याधुनिक प्रविधिमार्फत गुणस्तरीय सेवा प्रवाह गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको छ । साथै, छोटो समयको अन्तरालमा नै फिनाकल ईन्फोसिस ईनोभेसन गोल्ड-२०२४ अवार्डबाट समेत सम्मानित भएको छ ।


## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# ओली र देउवाको ठगबन्धनबाट मुलुकले ठुलो नोक्सानी व्यहोर्नुपर्ने हुन्छ : प्रभु साह

काठमाडौं । आम जनता पार्टी (आजपा) अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले राजासंग घाटी जोडेकाहरुबाट मुलुकले ठुलो नोक्सानी व्यहोर्नुपरेको बताएका छन् । नेपाली कांग्रेस र नेकपा (एमाले)को नेतृत्वमा रहेकाहरुबाट मुलुक समृद्ध हुन नसक्ने बताउँदै उनले अहिलेको गठबन्धन नभएर ठगबन्धन भएको टिप्पणी गरे ।




आजपा निकटको आम उधोग बाणिज्य संघको काठमाडौं अनामनगर स्थित तमुबुद्ध सेवा समितिको सभाहलमा भएको पहिलो राष्ट्रिय भेलालाई सम्बोधन गर्दै उनले यो एमाले र कांग्रेसको गठबन्धन नभई केपी ओली र शेरबहादुर देउवाको सत्तास्वार्थ केन्द्रित व्यक्तिगत ठगबन्धन भएको बताए ।

'एमाले र कांग्रेस बनाउँनेहरु आज कहाँ छन् ? दुबै पार्टी निर्माण गर्नेहरु आजको दिनमा भागिभागि हिडनुपरेको छ । तर विगतमा राजासंग घाटी जोडने, प्रतिगामी शक्तिहरु त्यो पार्टीको नेतृत्वमा पुगेका छन्' आजपा अध्यक्ष साहले भने, 'अहिलेको सत्तारुढ गठबन्धनलाई राष्ट्रिय सहमतीको सरकार भन्दै बाहिर हिडिरहेका छन् । तर वास्तविकता त्यो होईन्, यो विगतमा बदनाम भईसकेका पात्रको ठगबन्धन हो ।'

विगतमा जतिपटक एमाले र कांग्रेसको संयुक्त सरकार बनेको छ त्यति पटक मुलुकले ठुलो नोक्सानी व्यहोर्नुपरेको ईतिहास हाम्रो आगाडी रहेको बताउँदै उनले यिनीहरुकै कारण रामराजा सिंह राष्ट्रपति हुन नसकेको बताए । यिनीहरुकै कारण खिलराज रेग्मीलाई यिनीहरुले शासन सत्ता बुझाएको मात्र नभई कांग्रेस र एमाले मिलेर 'गण्डा संविधान' बनाएको बताउँदै साहले आज त्यही भएर नेपाली जनताले ठुलो नोक्सानी व्यहोर्नुपरेको बताए ।

'विगतको निर्वाचनमा जनतासंग मत माग्ने बेलामा जे प्रतिबद्धता व्यक्त गरिएको थियो । जुन कुरा जनताका बीचमा यिनीहरुले प्रतिबद्धता गरेर आए त्यो अनुसार काम नगरेकै कारण राजनीतिक स्थिरता हुन सकेन' साहले भने, 'मत माग्ने बेलामा एउटा प्रतिबद्धता गरे, तर काम गर्ने बेलामा अर्कै काम गरिरहेका छन् । के कांग्रेसले मत माग्दा म एमालेको नेतृत्वमा सरकार बनाउँनु भन्या थियो ? के एमालेले मत माग्ने बेलामा कांग्रेसको नेतृत्वमा सरकार बनाउँछु भन्या थियो ? तर आज हेर्नुस त संघ देखी प्रदेशसम्म यिनी आफ्नो प्रतिबद्धता बिरुद्ध नै काम गरिरहेका छन् । अब जनताले हिसाब माग्ने बेला आएको छ ।'

विधिको शासनको कुरा गर्ने एमालेले लुम्बिनी प्रदेशमा आफ्नै संसदीय दलको नेतालाई मुख्यमन्त्री नबनाई उपनेतालाई मुख्यमन्त्री बनाएको बताउँदै उनले अहिले पनि एमालेभित्रै धेरै नेताहरु पीडित रहेको बताए । कांग्रेसमा पनि त्यस्तै भएको बताउँदै उनले विगतमा राजासंग घाटी जोडने, पार्टी निर्माण नगर्नेहरु नै नेतृत्वमा रहेकाले दुबै पार्टीभित्र नेताहरु पीडित बनेको बताए ।

प्रचण्ड नेतृत्वको सरकारले कहिले एमाले त कहिले कांग्रेसले समर्थन गर्ने र समर्थन फिर्ता लिने कामले प्रधानमन्त्रीले पाँच पाँच पटक विश्वासको मत लिनु पर्यो । तर आज त्यही कांग्रेस र एमालेले राजनीतिक स्थिरता भएन भन्नु कतिको जायज हो भन्दै उनले प्रश्न उठाए । कांग्रेस एमालेकै कारण मुलुक भ्रष्टमा नं. १ भएको टिप्पणी गर्दै निजि कम्पनी नाफामा हुने तर सरकारकी संस्थानहरु किन घाटा व्यहोर्नुपरेको भन्दै उनले यिनीहरुले नै लुटेर खाएको आरोप लगाए ।

नेपालको उधोगधन्दा धवस्त बनाउँने, हरेक काण्डमा कांग्रेस र एमालेकै नेताको संलग्नता हुने गरेको बताउँदै उनले सबै भ्रष्टहरुलाई जेल नपठाए सम्म मुलुक समृद्ध हुन नसक्ने टिप्पणी गरे । मुलुकलाई समृद्ध बनाउँनका लागि सबै भ्रष्टहरुलाई जनकारवाही हुन आवश्यक रहेको उनले बताए । तर भ्रष्टलाई कारवाही गर्ने निकाय पनि यिनीहरुकै पिछलगु बनेको र त्यही भ्रष्ट नेताको ईशारामा नाचिरहेको साहले बताए ।

'सरकारको मनपरी कर हटाउन र बैंकले लिएको मनोमानी ब्याज फिर्ता गराउन' संघर्ष गर्ने संकल्प सहित भएको सो राष्ट्रिय भेलामा बिभिन्न पार्टी परित्याग गरी नेताहरु आजपामा प्रवेश गरे । रौतहट ग्रान्डी अस्पतालका निर्देशक डा. संजिवकुमार जयसवाल, माओवादी केन्द्र निकटको प्रेस सेन्टर बागमती प्रदेशका उपाध्यक्ष मोहनजंग कार्की सहित दर्जनौं व्यक्त आजपामा प्रवेश गरेका छन् ।

सो भेलाबाट साजनकुमार जैसवालको अध्यक्षतामा १०१ सदस्यीय आम उधोग बाणिज्य संघको केन्द्रीय कमिटी गठन भएको छ । कमिटीको उपाध्यक्षमा धिरजकुमार साह, सोना सिलवाल, अमित कुमार साह, महासचिवमा पवन कुमार, सचिवमा अमित सर्राफ, मन्नु राजन, कोषाध्यक्षमा संजीव जयसवाल रहेको आजपा प्रवक्ता चन्द्रभुषण साहले जनाएका छन् ।

यसैगरी सदस्यहरुमा पवन जयसवाल, धिरज जयसवाल, चुनुलाल जयसवाल, उपेन्द्र साह, अनिलकुमार साह, दिपककुमार साह, अमित रौनियार, नितिसकुमार जयसवाल, निशा कुमारी लगायतका रहेका छन् ।




## जिल्ला समाचार

### 'सारा ध्यान मिसन ८४ मा लगाऔं'

इटहरी । नेकपा एमालेका केन्द्रीय सदस्य तथा पूर्व मन्त्री भगबती चौधरीले नेकपा एमालेको सारा पङ्क्ति मिसन ८४ मा केन्द्रित हुनुपर्ने बताएकी छिन् । नेकपा एमाले दुहबी नगर कमिटिको प्रथम बैठकलाई सम्बोधन गर्दै उनले त्यस्तो बताएकी हुन् । दुहबी नगर कमिटीका अध्यक्ष ताजिब हुनेसको अध्यक्षता तथा पूर्व मन्त्री भगबती चौधरीको प्रमुख आतिथ्यमा भएको बैठकमा मिसन ८४ लाई ध्यानमा राखेर गर्नुपर्ने कुराहरूलाई ध्यान दिनुपर्ने उनको भनाई थियो । उनले भनिन्, 'हामीभित्रको द्वेषहरूलाई अन्त्य गरेर सम्पूर्ण ध्यान बाह्य प्रतिस्पर्धामा लगाउनुस् । हामी बाह्य व्यक्तिहरूसँग प्रतिस्पर्धा गर्न जाँदै छौं भने हामीभित्रको आन्तरिक कुरालाई अन्त्य गरेर जानुपर्छ । सङ्गठनात्मक अवसरवाद र दक्षिणपन्थी अराजकतालाई ध्यान दिन आवश्यक छ ।'

पछि पार्टीमा जोडिएका नयाँ पुस्तालाई फरक व्यवहार गर्नु नहुने बताउँदै उनले अन्य पार्टीबाट प्रवेश गरेर एमाले बनेकाहरूलाई पनि पार्टीले सम्मानजनक व्यवहार गर्नुपर्ने बताए । नव प्रवेशीहरूले पनि इमान्दारिकताका साथ जनताका निम्ति काम गर्न उनले आग्रह गरिन् । 'जसले अनुशासित भएर जनताका निम्ति काम गर्छ उ नै भोली गएर नेता हुने हो । जनताको बिचमा जो पपुलर हुन्छ त्यो व्यक्ति नै नेता बन्छ । तर हामीले बाह्य प्रतिस्पर्धा हुँदा आन्तरिक कुरालाई बिर्सेर एक भएर लाग्नुपर्छ', उनले भने । समाजवादको आधार बनाउँदै जानुपर्ने भन्दै उनले नेकपा एमाले नेतृत्वको राष्ट्रिय सरकार बनेकाले यसले केही स्थायित्व पाउने विश्वास व्यक्त गरे । 'नेपालभित्र धेरै कम्युनिस्ट पार्टीमध्ये राष्ट्रियताको मुद्दा बोकेर राष्ट्र बनाउने दिशामा जाने पार्टी नेकपा एमाले नै हो । एमालेले समाजवादको आधार तय गर्छ । त्यसका निम्ति कम्तीमा पनि सरकारले स्थायित्व पाउनुपर्छ', उनी भन्छन् । कार्यक्रममा कोशी प्रदेश सभा सदस्य रोहित कार्की, राम देव यादवको विशिष्ट आतिथ्यमा बैठक सम्पन्न भएको थियो ।

### पूर्व भूमिसुधार राज्यमन्त्रीको हत्यामा संलग्न दुई जना पक्राउ

सर्लाही । चन्द्रपुर गाउँपालिका-१ रतनपुर बस्ने पूर्व भूमिसुधार राज्यमन्त्री ८१ वर्षीय रामचन्द्र राय यादवको हत्यामा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कबिलासी नगरपालिका-३ घर भई चन्द्रपुर गाउँपालिका-१ रतनपुर बस्ने २५ वर्षीय राम उजैन राय र ४६ वर्षीय बिरेन्द्र राय रहेका छन् । रामचन्द्र राय गत साउन ७ गते आफ्नै घर (फार्म हाउस) को सुत्ने कोठामा धारिलो हतियार प्रहारबाट मृत्यु भएको अवस्थामा फेला परेका थिए । केन्द्रीय अनुसन्धान ब्यूरो, मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर समेतबाट खटिएको प्रहरीले घटनामा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । उनीहरू उपर जिल्ला अदालत सर्लाहीबाट ज्यान सम्बन्धी कसुर (कर्तव्य ज्यान) मुद्दामा १० दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### करिब ७ सय ६९ किलोग्राम गाँजासहित कन्टेनर चालक पक्राउ

नवलपरासी पूर्व । देवचुली नगरपालिका-२ हमालचोकबाट अवैध लागूऔषध गाँजा ७ सय ६९ किलो ३१ ग्राम सहित एनएल ०१ ५५४४ नम्बरको कन्टेनरका चालक चितवन राप्ती नगरपालिका-२ बस्ने २३ वर्षीय मदन लामालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय रजहरबाट खटिएको प्रहरीले एनएल ०१ ५५४४ नम्बरको कन्टेनर र सोही कन्टेनरलाई स्कट गर्दै आइरहेको बाग्मती प्रदेश ०१-०२६-च ५१५९ नम्बरको कारलाई आइतबार दिउँसो नियन्त्रणमा लिएको थियो । थप अनुसन्धानको क्रममा सोमबार दिउँसो ट्रकको सामान राख्ने स्थान र क्याबिनको बिच भागमा फल्सबटन बनाई कन्टेनरको भित्ता जस्तै गरी वेल्डिङ गरेको भागलाई काटी हेर्दा प्लाष्टिकले बेरी राखेको २४ वटा बोरामा उक्त परिमाणको गाँजा फेला पारी कन्टेनरका चालक लामालाई पक्राउ गरेको हो ।

## स्वास्थ्यमन्त्रीलाई राष्ट्रिय एकता अभियानको ज्ञापन




काठमाडौं । राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले बारा जिल्लाको परवानीपुर गाउँपालिकास्थित रामपुर स्वास्थ्य चौकीको स्तरवृद्धि तथा जनशक्ति र उपकरणको व्यवस्था गरिदिन माग गर्दै नेपाल सरकारका स्वास्थ्यमन्त्री प्रदीप पौडेललाई ज्ञापनपत्र बुझाएका छन् ।

ज्ञापनपत्रमा उल्लेख गरिएको छ कि बारा जिल्लाको परवानीपुर गाउँपालिकास्थित रामपुर स्वास्थ्य चौकीमा कम्तीमा २५ वटा गाउँ र एक लाखभन्दा बढी जनसंख्या निर्भर छ। तर, स्वास्थ्य चौकीमा आवश्यक जनशक्ति, औषधी, उपकरण, र स्वास्थ्य सेवा सुविधाको अभाव रहेकोले स्थानीय जनताले उचित सेवा प्राप्त गर्न नसकेको र महँगो शुल्क तिरेर नीजी स्वास्थ्य संस्थामा जान बाध्य भएको उल्लेख गरिएको छ।

ज्ञापनपत्रमा रामपुर स्वास्थ्य चौकीको भौतिक पूर्वाधार, भवन र अन्य सुविधाहरूको स्तरोन्नति, विशेषज्ञ चिकित्सक, MBBS डाक्टर, नर्स, र अन्य आवश्यक स्वास्थ्यकर्मीहरूको व्यवस्था, साथै अत्यावश्यक औषधी, उपकरण, र अन्य सामग्रीहरूको पर्याप्त आपूर्ति गरिनुपर्ने माग गरिएको छ।

## पर्यावरण, युद्ध र प्राकृतिक संकटको सामना गर्न साझा प्रतिबद्धता चाहिन्छ : उपेन्द्र यादव



फिलिपिन्स । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले युद्ध, पर्यावरण र प्राकृतिक विपद जस्ता विश्वव्यापी संकटको सामना गर्न एसियाली देशहरुबीच साझा नीति र प्रतिबद्धता आवश्यक रहेको बताएका छन् ।

फिलिपिन्सको राजधानी मनिलामा बुधबार ग्लोबल लीडरको प्यानल सत्रमा बोल्दै अध्यक्ष यादवले एसियाली देशहरुको बीचमा साझा कार्यक्रम, नीति र प्रतिबद्धता नभएसम्म विश्वस्तरका संकटहरुको सामना गर्न नसकिने बताएका हुन् ।

सम्मेलनको अन्तिम दिन ग्लोबल लीडर प्यानललाई सम्बोधन गर्दै अध्यक्ष यादवले भने,- 'सामाजिक न्याय र मानवअधिकार संरक्षणको हकमा विभेदमा पारिएका जनता नै संकटको भुमरीमा परेका हुन्छन। त्यसका लागि पनि एसियाली देशहरुबीच साझा कार्यक्रम र नीति बन्न जरुरी छ।'

अध्यक्ष यादवले प्रोग्रेसिभ एलाइन्सको ग्लोबल कन्फेरेन्समा 'वर्किङ फर अ न्यू प्रोग्रेसिभ एरा' बिषयक कार्यपत्र प्रस्तुत गरी लीडर सम्मेलनलाई सम्बोधन गरेका छन् ।

एसियाली प्रजातान्त्रिक पार्टीहरुको सङ्गठन (सोकडेम एसिया प्यासिफिक) को जुलाई २९ तारिखदेखि आयोजित ग्लोबल लीडरको सम्मेलनमा भाग लिन अध्यक्ष यादव गत असार १३ गते मनिला प्रस्थान गरेका थिए ।

उक्त सम्मेलनमा एसियाको ४१ देशमा प्रतिनिधि नेताहरु सहभागी थिए । जुलाई २९ तारीखदेखि सुरु भएको सो सम्मेलन आज सम्पन्न भएको छ।

जनता समाजवादी पार्टी नेपाल सोकडेम एसिया प्यासिफिकको स्टेरिङ कमिटिको सदस्य रहेको छ । अध्यक्ष यादव भोलि बिहिबार राति १०.३० बजे मलेसिया एयरलाइन्सको विमानबाट स्वदेश फर्कने कार्यक्रम रहेको छ ।

## राष्ट्रिय एकता अभियानद्वारा श्रद्धाञ्जली तथा खबरदारी कार्यक्रम सम्पन्न

काठमाडौं । सौर्य एयरलाइन्सको विमान दुर्घटनामा मृत्यु भएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न र विमान र बस यात्रामा ज्यान गुमाएकाहरू प्रति सरकारले गरेको विभेदको विरोध गर्न राष्ट्रिय एकता अभियानले काठमाडौंमा एक विशेष कार्यक्रम आयोजना गरेको छ ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा अभियानका केन्द्रीय अध्यक्ष विनय यादव, वरिष्ठ नेता बिपी यादव, केन्द्रीय सदस्य चन्द्र यदुवंशी, र युवा नेता दिवस पटेलले सहभागिता जनाए।

कार्यक्रमको शुरुवातमा, सौर्य एयरलाइन्सको विमान दुर्घटनामा परि मृत्यु भएका व्यक्तिहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो। कार्यक्रममा सहभागीहरुले ती व्यक्तिहरूको आत्माको शान्तिको कामना गर्दै शोकमा सामनताको आवश्यकता र महत्वका बारेमा चर्चा गरे।

त्यसपछि, विमान र बस दुर्घटनामा ज्यान गुमाएकाहरू प्रति सरकारले गरेको विभेदको विरोध गर्न एक खबरदारी कार्यक्रम आयोजना गरियो। प्रमुख अतिथि विनय यादवले आफ्नो मन्तव्यमा, सरकारको विभेदपूर्ण व्यवहारले शोकमा पनि भिन्नता ल्याउने कार्य गरेको र यसलाई तत्काल सुधार गर्नुपर्ने आवश्यकताको चर्चा गरे। वरिष्ठ नेता मो. बिपी यादवले, "शोकमा समानता सबैका लागि आवश्यक छ, यसरी विभेद गर्नु अवैध र अस्वीकार्य छ" भन्दै सरकारी दृष्टिकोणमा सुधारको माग गरे। चन्द्र यदुवंशीले सरकारको नीति र निर्णयमा पारदर्शिता र न्यायको माग गर्दै, "सबैको जीवन समान मूल्यवान छ, विभेदको खारेज हुनु आवश्यक छ" भनें। युवा नेता दिवस पटेलले पनि शोकको घडीमा सबैलाई समान सम्मान र न्यायको माग गर्दै, घटनाका पीडित र उनीहरूको परिवारप्रति गहिरो समवेदना व्यक्त गरे।

कार्यक्रमको समापनमा, सहभागीहरूले शोकमा समानता र न्यायको महत्वपूर्णता बुझाउँदै, यस्तो विभेदको पुनरावृत्ति नगर्नका लागि सरकारलाई अनुरोध गर्दै एकता र सहकार्यको भावना पुन: पुष्टि गरे ।

## भलिबल खेललाई विद्यालयको प्राथमिक तहदेखि नै प्राथमिकता दिनुपर्छ : खेलकुदमन्त्री चौधरी

काठमाडौं । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले भलिबल खेललाई विद्यालयको प्राथमिक तहदेखि नै सरकारले प्राथमकिता राख्ने बताएका छन् । बिहीबारदेखि काठमाडौंमा सुरू भएको काभा नेशनल वुमन्स लिगको सम्बोधन गर्दै भलिबल खेललाई प्राथमिक तहदेखि नै प्राथमिकता दिने बताएका हुन् ।

खेलकुद मन्त्रीले भने, 'अब देशभरका विद्यालयको प्राथमिक तहदेखि नै खेलकुदलाई प्राथमिकता दिनुपर्छ भन्ने मेरो बुझाइ छ।' उनले यसका लागि आफू स्वास्थ्य र शिक्षा मन्त्रालयसँग पहल गरिरहेको समेत बताए ।

यस्तै उनले भलिबल खेलका लागि संरचना, भौतिक पूर्वाधार स्थानीय, प्रदेश र संघमा सुविधा सम्पन्न बनाउन पहल गर्ने बताए । ' मैले सुनेको छु, देशभरको भलिबल खेलका लागि संरचना, भौतिक पूर्वाधार स्थानीय, प्रदेश र संघमा सुविधा सम्पन्न छैन ।तर यी सबै क्षेत्रमा खेलका लागि भौतिक संरचना हुनुपर्छ। म यसका लागि पहल गरिरहेको छु।' उनले भने ।

भलिबल संघलाई यसमा सहकार्य र समन्वय गर्न पनि मन्त्री चौधरीले आग्रह गरे । उनले भने, 'भलिबल राष्ट्रिय खेल भएकाले संघ, प्रदेश र स्थानीय तहमा भलिबल कोर्ट बनाउने, खेलाडी उत्पादन गर्नेबारे भलिबल संघका पदाधिकारीहरूसँग समन्वय गरिरहेको छु।'

## चिनियाँ राजदूतलाई पर्सोना नन ग्राटा घोषणा गर्नुपर्दछ : उपाध्यक्ष साह




काठमाडौं । जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष एवं अनुशासन विभागका प्रमुख ई.दीपक कुमार साहले नेपालका लागि चिनियाँ राजदूत छन् सोङलाई तत्कालै पर्सोना नन ग्राटा घोषणा गर्नुपर्ने माग गरेका छन् ।

बारम्बार कूटनीतिक मर्यादाविपरीत नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्दै आएका भन्दै उपाध्यक्ष साहले चिनियाँ राजदूत सोङलाई तत्कालै पर्सोना नन ग्राटा घोषणा गर्नुपर्ने माग सामाजिक सञ्जालमार्फत गरेका हुन् ।

जनमतका उपाध्यक्ष ई.साहले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'नेपालको हरेक सुखदु:खमा सधैं सहयोग र सद्भाव राख्ने मित्रराष्ट्र भारतप्रति कटाक्ष गर्ने चिनियाँ रणनीतिलाई सम्बन्धित सरोकारवालाले समयमै बुझ्नुपर्दछ। चिनियाँ राजदूत सोङलाई नेपालमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न पठाइएको स्पष्ट देखिन्छ।' उनले कुनै पनि राजदूतले आफ्नो कूटनीतिक मर्यादाको ख्याल नगरी अर्को देशको आन्तरिक मामिलामाथि खुलेआम टिप्पणी र आलोचना गर्न नपाउने बताउँदै भनेका छन्, 'राजदूत सोङको भूमिका नेपाल र नेपालीविरुद्ध देखिएकाले, सरकारले उनलाई तत्कालै पर्सोना नन ग्राटा घोषणा गरेर नेपाल छोड्न निर्देशन दिनुपर्दछ। यसअघि पनि उनले नेपालका एक प्रतिष्ठित सञ्चारकर्मीलाई धम्की दिएका थिए, जुन अस्वीकार्य छ।'

'कुनै पनि देशको राजदूतले हाम्रो आन्तरिक मामिलामा हस्तक्षेप गर्नु नेपालको सार्वभौमसत्ता विरुद्ध हो र नेपाली जनताले यस्तो हस्तक्षेप सहन सक्दैनन्।' उपाध्यक्ष साहले भने ।

## आम उद्योग वाणिज्य संघको अध्यक्षमा जयसवाल सर्वसम्मत

काठमाडौं। आम जनता पार्टी(आजपा) निकटको आम उद्योग वाणिज्य संघको सम्पन्न प्रथम राष्ट्रिय भेलाबाट साजन कुमार जयसवालको अध्यक्षतामा १०१ सदस्यीय केन्द्रीय कमिटी गठन भएको छ।

काठमाडौंको अनामनगरमा सम्पन्न राष्ट्रिय भेलाबाट उपाध्यक्षमा धीरजकुमार साह, सोना सिलवाल, मन्नु राजन, अमितकुमार साह, महासचिवमा पवनकुमार पटेल, सचिवमा अमित सर्राफ, सहसचिवमा रामनारायण साह र कोषाध्यक्षमा संजीव जयसवाल सर्वसम्मत निर्वाचित भएका छन् ।

यसैगरी संघको सदस्यहरुमा पवन जयसवाल, उपेन्द्र साह, चुनुलाल जयसवाल, अनिलकुमार साह, दिपककुमार साह, अमित रौनियार, नितिशकुमार जयसवाल, निसा कुमारी, रौशनकुमार गुप्ता, प्रदिपकुमार गुप्ता, सन्देश साह, विमल विश्वकर्मा, बिजय महतो, धर्मेन्द्रप्रसाद साह, सुशील गुप्ता, किरण देवी, विशालकुमार अग्रवाल, संजीव श्रेष्ठ, चन्दनकुमार गुप्ता, देवकुमार साह, दिनेश साह, निरज दुवे, उमेश साह, राजु अंसारी, सिकिन्द्र शर्मा, सुनिल साह, रमाशंकर साह, रामायण साह, प्रेम साह, सन्दिप कुशवाहा, रामचन्द्र चौधरी गौरव अग्रवाल, रवि रौनियार, प्रेम रौनियार, साकिर खान, आर्यन शाह, राजकुमार जयसवाल, लालन साह, कुन्तीमाया थापा मगर लगायतका रहेका छन् ।

राष्ट्रिय भेलाको उदघाटन आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले गरेका थिए । भेलाको उदघाटन गर्दै उनले नेपालको उधोग वाणिज्यको बिकासका लागि संघले गम्भिर भएर काम गर्नुपर्ने बताए । सरकारको गलत नीति एवं सरकारको गैरजिम्मेवार कार्यले नेपाली उधोग व्यवसाय धरासायी बन्दै गएको बताउँदै तिनको बिकासका लागि संघले योजनाबद्ध लाग्नुपर्ने बताए ।

संघको सम्पन्न भेलाले बिभिन्न राष्ट्रिय महत्वको विशेष प्रस्ताव पारित गरेको छ । नेपालको उधोगव्यवसायको बिकासका लागि सरकारले विशेष पहल लिनुपर्ने र त्यसका लागि संघले दबाबमुलक कार्य गर्नेछ । नेपालको बन्द रहेका सरकारी उधोग सञ्चालन गर्नुपर्ने, नेपालको उधोगव्यवसायमा नेपाली कामदारलाई पहिलो प्राथमिकता दिनुपर्ने, औधोगिक क्षेत्रको बिकासका लागि विशेष योजना लागु गर्नुपर्ने, बिभिन्न कारणले बन्दरहेका नीति स्तरका उधोगलाई सञ्चालन गर्नका लागि सरकारले विशेष सहयोग गर्नुपर्ने लगायतका विशेष प्रस्ताव भेलाले पारित गरेको छ ।


## जनसंख्यालाई शक्ति र साधनको रूपमा प्रयोग गरौं

- जनसंख्याको असमान वितरणलाई रोकौं,
- आप्रवासीका समस्या समाधान गरौं,
- लैंगिक समानता कायम गरौं,
- सीमान्तकृत र लोपोन्मुख अवस्थामा रहेका जनसंख्याको संरक्षण गरौं,
- व्यवस्थित बसोबास गरौं र गराऔं,
- अव्यवस्थित बसोबासबाट पर्यावरणमा पर्ने प्रभाव न्यूनीकरण गरौं,
- बस्ती विकासलाई व्यवस्थित गरौं ।



नेपाल सरकार

विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं